## विशेष इजलास

१

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री ताहिर अली अन्सारी,** रिट नं. २०६३-WS-००३९, उत्प्रेषणयुक्त परमादेश, *सानुमाया खड्का वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ ले स्वास्थ्य सेवाभित्र रहेका कर्मचारीले बढुवाको लागि उम्मेद्वार हुन तोकिएबमोजिम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्ने भन्ने व्यवस्था गरेको र त्यसरी शैक्षिक योग्यता तोक्न पाउने व्यवस्थाअन्तर्गत नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५ को अनुसूची ७ सि.नं. १६ मा न्यूनतम् शैक्षिक योग्यताको व्यवस्था गरिएको भन्ने कुरामा कुनै विवाद छैन । उक्त व्यवस्थाले कुनै व्यक्ति विशेषलाई बाहेक गरेको भन्ने पनि नदेखिएको अवस्था हुँदा सो शैक्षिक योग्यता तोकेको नियमको व्यवस्थालाई बिना कुनै आधार र कारण असंवैधानिक भन्न नमिल्ने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः मिनु शाही
इति संवत् २०६६ साल फागुन २० गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री. मोहनप्रकाश सिटौला र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. २०६६-WS-००२३, उत्प्रेषण समेत, *मीना खड्का समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७ मा शिक्षा तथा संस्कृतिसम्बन्धी हकको व्यवस्था रहेको र उपधारा (१) ले प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने व्यवस्था गरी उपधारा (२) ले प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ भन्ने व्यवस्था गरी सर्वसाधारण नागरिकहरूसम्म शिक्षाको पहुँचलाई सहज र सरल बनाउन मौलिक हकको रूपमा व्यवस्थित गरी राज्यलाई विशेष दायित्व सुम्पेको पाइन्छ । युगको आवश्यकताबमोजिम शिक्षालाई गुणस्तरीयरूपमा विकास गरी प्रतिस्पर्धा गर्न योग्य नागरिक बनाउने अपेक्षा संविधानले गरेको पाइन्छ । संविधानले परिकल्पना गरेको वर्गका नागरिकका छोराछोरी विद्यालयको अस्तित्व नभएको वा भैरहेको विद्यालयहरूले पनि अपेक्षितरूपमा भौतिक पूर्वाधार नभएका कारणले सर्वसाधारण नागरिक शिक्षाको उज्यालोबाट उपेक्षित हुन नपरोस् भन्नेतर्फ राज्यको ध्यान जानु नितान्त आवश्यक देखिने ।

सरकारी अनुदान प्राप्त विद्यालयको अभाव, स्थापना भएका विद्यालयहरूमा समेत विद्यार्थी बस्ने ठाउँको अभाव, पर्याप्त फर्निचर नहुँदा भुँइमै बसी पठनपाठन गर्नुपर्ने अवस्था, दरबन्दीअनुसार शिक्षक दरबन्दीको अभाव हुँदा विद्यार्थी अनुत्तीर्ण हुने क्रममा वृद्धि हुने, आर्थिक अवस्था कमजोर रहेको कारण नागरिकका छोराछोरी उच्च शिक्षा प्राप्त गर्ने अवसरबाट बञ्चित रहनु परेको अवस्था, दुर्गम ठाउँमा शैक्षिक सामग्री तथा पाठ्यपुस्तक समयमै उपलब्ध हुन नसकेको यथार्थता, साना कलिला बालबालिकारूलाई जोखिमपूर्ण बाटो हिँडी लिद्यालय पुग्नुपर्ने तथा सोही कारणले बीचमै विद्यालय छोड्ने पर्ने वाध्यता, सरकारी अनुदानप्राप्त विद्यालयमा नियमित अनुगमन एवं निरीक्षण हुन नसकेको कारण शिक्षाको गुणस्तरमा सुधार हुन नसकेको आर्थिक अभावको कारणले विद्यालय नै बन्द हुन सक्ने परिस्थिति, निम्न आर्थिक स्थिति भएका नागरिकका छोराछोरीलाई पर्याप्त छात्रवृत्तिको व्यवस्था हुन नसकेको, विद्यालयमा छात्रछात्रालाई छुट्टाछुट्टै चर्पीको व्यवस्था नहुँदा विद्यालयक्षेत्र दुर्गन्धित भै बालबालिकाको स्वास्थ्यमा नकारात्मक असर परेको, जीर्ण अवस्थामा रहेका विद्यालय भवन मर्मत सम्भार नहुँदा जोखिमपूर्ण अवस्थामा अध्यापन गराउनु पर्ने वाध्यता रहेको र अपाङ्ग विद्यार्थीलाई अपाङ्ग मैत्री विद्यालय पर्याप्त नभएको जस्ता यावत कुरालाई राज्यका तर्फबाट सम्वोधन गर्नुपर्ने ।

सरकारी अनुदानप्राप्त भौतिक पूर्वाधार नभएका विद्यालयको पर्याप्त भौतिक पूर्वाधार एवं गुणस्तरीय शिक्षाको स्तरोन्नतिका लागि प्रभावकारी योजना बनाई कार्यान्वयन गर्नु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः पुनाराम खनाल
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६७ साल माघ ६ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. २०६७-Ws-००१७, उत्प्रेषण समेत, *सरोजनाथ प्याकुरेल समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को व्यवस्थाहरू सो ऐनको दफा ५(१) को खण्ड (क) र अन्तरिम संविधानको धारा ६५ को खण्ड (क) को प्रतिकूल हुने गरी स्वतन्त्ररूपले प्रयोग हुन सक्तैन, जग्गाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय वा अन्यत्रबाट जारी भएको प्रमाणपत्रले मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा (५)(१)(क) र दफा ११(१) मा भएको नागरिकताको प्रमाणपत्रलाई Substitute गर्न सक्तैन, मतदाता नामावली संकलन गर्दा सो ऐनको दफा (५)(१)(क) र दफा ११(१) मा भएको नागरिकताको प्रमाणपत्र शंकाजनक वा द्विविधाजनक भएमा नागरिकताको प्रमाणपत्रको Corroboration र Verify को लागि मात्र जग्गाधनी प्रमाणपत्र वा अन्य परिचयपत्र सहायकसिद्ध हुन सक्ने ।

मतदाता नामावलीसम्बन्धी ऐन, २०३३ को दफा ११ मा उल्लेख भएको नागरिकताको प्रमाणपत्र बाहेक अन्य प्रमाणपत्र कागजहरूको प्रयोग सो ऐनको दफा (५)(१) (क) मा भएको व्यवस्थाको विपरीत हुने गरी हुन नसक्ने भनी सिद्धान्त प्रतिपादन भएको हुँदा निर्वाचन आयोगको मिति २०६७।७।१६ को निर्णय समेत नेपालको अन्तरिम संविधान २०६३ को धारा ८(१) र मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा (५)(१)(क) को प्रतिकूल रहेको नदेखिने ।

इति संवत् २०६७ साल माघ २४ गते रोज २ शुभम् ।

## पूर्ण इजलास

१

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५-NF-००१९, उत्प्रेषण समेत, *भोजराज घिमिरे वि. रामप्रसाद नायक*

वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ को दफा २१ ले परिषद्को अध्यक्षले बैठकमा भाग लिएबापत् बैठक भत्ता पाउनेछ भन्ने कानूनी व्यवस्थाविपरीत भोजराज घिमिरेलाई वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को अध्यक्ष पदमा चार वर्षको लागि नियुक्ति गरी मन्त्रिस्तरको पदाधिकारीले पाउने सरह मासिक पारिश्रमिक, घर भाडा र गाडी सुविधा समेत दिने गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको मिति २०६०।६।१२ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरेको हदसम्म यस अदालत संयुक्त इजलासको मिति २०६३।६।३ को आदेश मनासिब देखिए तापनि निवेदन दावीभन्दा बाहिर गई वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को तत्कालीन अध्यक्ष भोजराज घिमिरेबाट निजले वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को अध्यक्षको हैसियतले दफा २१ बमोजिम पाउने बैठक भत्ता बाहेकको अन्य सम्पूर्ण रकम नेपाल सरकारले असूलउपर गरी लिन पाउने ठहऱ्याएको हदसम्म यस अदालतको संयुक्त इजलासबाट भएको उक्त २०६३।६।३ को निर्णय यस अदालतबाट स्थापित नजीर सिद्धान्त र स्थापित मान्यताविपरीत देखिएकोले बदर हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६७ साल पुस २२ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर, रामकुमारप्रसाह शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** फौ.पु.नं. ०६७-CF-००१५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विवेक लामा*

वादी नेपाल सरकारले पुनरावेदन गर्दा लिएको एकमात्र आधार भनेको अ.वं. १८८ नं. को प्रयोग गरी प्रतिवादी विवेक लामाको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ समेतलाई आधार बनाएर कम सजाय गर्ने गरी व्यक्त राय त्रुटिपूर्ण रहेको भन्ने नै देखिन्छ । पुनरावेदन अदालतबाट वादी दावीबमोजिम नै प्रतिवादीहरूलाई कसूरदार ठहऱ्याई सजाय समेत निर्धारण भैसकेपछि राय व्यक्त गर्ने क्रममा प्रसंगवश उठाएको विषयलाई पुनरावेदनको आधार बनाउने वादी पक्षले अ.वं. १८८ नं. को विधिशास्त्रीय आधार र त्यसको प्रयोग गर्ने न्यायिक स्वविवेकको अन्तरवस्तुलाई बुझ्न सकेको देखिएन । यदि त्यस्तो विषयलाई पुनरावेदनको माध्यमबाट चुनौती दिने परम्परा स्थापित गर्ने हो भने अ.बं. १८८ नं. को कानूनी व्याख्या निरर्थक हुन जान्छ र राय व्यक्त गर्ने

र अन्तिम निर्णय गर्नेले त्यस्तो राय सदर वा बदर गर्न सक्ने न्यायिक मान्यता र परम्परा समेत खण्डित हुन जाने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. २०६३-WS-००४७, संविधानसँग बाझिएको कानून बदर गरिपाऊँ, *रूद्रबहादुर हुमागाईं वि. प्र.मं. तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत*

निवेदकले असंवैधानिक भएको भनी दावी लिएको ऐनको दफा २२ मा पुनरावेदन गर्दा धरौटीबापत रकम जम्मा गर्नुपर्ने व्यवस्था उल्लेख भएको छ । सो दफामा खास गरी पुनरावेदन गर्दा शुरू न्यायाधीकरणबाट असूलउपर गर्नुपर्ने ठहर भएको रकमको तीस प्रतिशत रकम धरौटीबापत जम्मा गर्नुपर्ने भन्ने उल्लेख भएको देखिन्छ । बैंक तथा वित्तीय संस्थाबाट लिएको र भाखाभित्र नतिरेको ऋण रकम असूलीका लागि सम्बन्धित बैंक तथा वित्तीय संस्थाले ऋण असूली न्यायाधीकरणमा दावी गरी दुबै पक्षको सबूद प्रमाणको मूल्याङ्कनबाट मुद्दाको निर्णय हुँदा ठहर भएको बिगोको निश्चित अंश पुनरावेदन गर्दा धरौटी राख्नुपर्ने व्यवस्था स्वयंमा औचित्यपूर्ण छ । यसरी धरौट राख्ने व्यवस्थाले फैसला कार्यान्वयनको सुनिश्चितता गराउनुका साथै ऋण असूली प्रक्रियालाई अनावश्यकरूपमा लम्ब्याउन नदिने उद्देश्य राखेको हुँदा यसलाई चुनौती दिनुको कुनै औचित्य नदेखिने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः शम्भुप्रसाद शाह र मुकुन्द विष्ट

इति संवत् २०६७ साल बैशाख २ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** फौ.पु.नं. २०६५-CR-०३४५, नहरको सिसौ हानि नोक्सानी गरेको, *नेपाल सरकार वि. मोहम्मद मुस्ताक समेत*

नहर सिंचाइको प्रयोजनको लागि बनाइन्छ र सो नहरको संरक्षणका लागि नहरको डिलमा रूखहरू लगाइने गरिन्छ । त्यस्ता रूखहरू नहरको सुरक्षा र संरक्षणको प्रयोजनका लागि लगाइने हुँदा राष्ट्रिय वनको रूपमा प्रवर्द्धन गर्ने उद्देश्यले उक्त रूखहरू लगाइने गरिन्छ भन्न नमिल्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल माघ १८ गते रोज ३ शुभम् ।

२

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** दे.पु.नं. २०६४-CI-०७४२, फैसला बदर गरी अंश दिलाई पाऊँ, *मन्नालाल महतो वि. दयानन्द महतो नुनिया*

गयावती महतोले शुरू जिल्ला अदालतमा गरेको मिति २०६१।९।२२ को बयानमा समेत सो फैसला पछि पतिले ४,५ वर्षसम्म छोरा र मलाई फकाई फुल्याई सँगै राखेको कारण उक्त फैसला कार्यान्वयन नगराएको हो भनी लेखाएको देखिन्छ । उक्त फैसला कार्यान्वयन भएको छैन भन्ने कुरालाई पुनरावेदकले पनि पुनरावेदन पत्रमा स्वीकारै गरेको पाइन्छ । निज गयावती महतो भारतीय नागरिक सूर्यानन्द महतोसँग दोस्रो विवाह गरी नेपाल छाडी गएकी हुँदा सो फैसला कार्यान्वयन नगराएकी हुन् भन्ने पुनरावेदकको जिकीर रहेको छ तर सो कुरा पुष्टि हुने तथ्ययुक्त सबूत पुनरावेदकले पेश गर्न सकेको देखिँदैन । गयावती महतोले शुरू जिल्ला अदालतमा गरेको बयानमा आफ्नो पतिको नाम मन्नालाल महतो हो, पतिले कुटपीट गरी घरबाट निकाला गरेको हुँदा मझारे गा.वि.स. वडा नं. २ स्थित माइती घरमा बसी आएकी छु भनी बयान गरेको देखिँदा पुनरावेदकले गरेको जिकीर मात्रको आधारमा गयावती महतोले दोस्रो विवाह गरी भारत गएको भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल पुस २८ गते रोज ४ शुभम् ।

३

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** फौ.पु.नं. २०६५-CR-०४९५, जबर्जस्ती करणी र डाँका, *नेपाल सरकार वि. शेखराजा हुसेन, समेत*

रातको अँध्यारोमा मानिस चिन्न सक्ने अवस्था नहुनु स्वाभाविक नै हुन्छ । दाह्री पालेको भन्ने टर्चको उज्यालोमा पीडितले झलक्क देखेको र हातले छामेर थाहा पाएको आधारमा दाह्री पालेका प्रतिवादी शेख राजा हुसेनलाई निजले औंल्याइएको देखिन्छ । यसरी प्रस्तुत मुद्दामा रातको समय भएकाले पीडितले प्रतिवादीहरूलाई देख्न चिन्न सक्ने अवस्था नभएको र वारदात भएको देख्ने प्रत्यक्षदर्शी लगायत अन्य कुनै ठोस सबूद प्रमाण समेत नभएको अवस्थामा टर्चको उज्यालोमा दाह्री पालेको मानिस देखेको र अनुहार छाम्दा दाह्री पालेको भेट्टाएको भन्ने सम्मको पीडितको ठम्याई (Perception) को आधारमा यी प्रतिवादीहरूले नै आरोपित कसूर गरेका हुन् भनी ठहर गर्न नमिल्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल माघ १८ गते रोज ३ शुभम् ।

४

**का.मु.स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री वैद्यनाथ उपाध्याय**, २०६५-CR-०५३४, सवारी ज्यान, *नेपाल सरकार वि. सूर्यप्रसाद प्याठ*

अनुमति पत्र प्राप्त हुनु र नहुनु आफैंमा लापरवाहीको तत्व हुन सक्दैन । अनुमति पत्र नलिई सवारी चलाएकोमा अनुमति पत्र प्राप्त गरेर मात्र सवारी चलाउनु पर्छ भन्ने कानूनको लापरवाही हो । तर यहाँ लापरवाही सवारी हकाइमा देखिनु पर्ने हुन्छ । उदाहरणको लागि अत्यधिक वेगमा चलाउनु, मदिरा सेवन गरी चलाउनु इत्यादि । प्रतिवादीले अनुमति पत्र प्राप्त गरी सवारी चलाउनु पर्छ भन्ने कानूनको सम्म लापरवाही गरेको देखिन्छ । सवारी हाकिने कार्यमा के कस्तो लापरवाही जानी-जानी भएको हो । सो तथ्यगतरूपमा वादी नेपाल सरकारबाट आउन सकेको देखिन नआउँदा जानी जानी लापरवाही गरेको भन्न नमिल्ने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल फागुन २९ गते रोज १ शुभम् ।

५

**का.मु.स.प्र.न्या श्री खिलराज रेग्मी, मा.न्या.श्री वैद्यनाथ उपाध्याय**, २०६५-CI-०१९७, CI-०५४८, नापी निर्णय बदर, *मीनबहादुर बोहरा समेत वि. झुसे धामी समेत, धनादेवी बोहरा वि. दलबहादुर बोहरा समेत*

मुचुल्का हेर्दा नक्सा न.नं. १६ कि.नं. ११७ को जग्गा र सोमा बनेको घर वादी झुसे धामीको हो भन्ने कुरा नक्सा मुचुल्काको व्यहोराबाट वादी झुसे धामी र प्रतिवादी दलबहादुर बोहरा समेत दुबै पक्षको मुख मिलेको देखियो । प्रतिवादी दलबहादुर बोहराको न.नं. ११ को कि.नं. ११३ को जग्गामध्ये न.नं. ८ को जग्गाको सम्बन्धमा विवाद उठी वादीमध्येकी धनादेवी बोहराले न.नं. ८ को जग्गा आफ्नो हो भनी दावी लिएको पाइन्छ । वादी धनादेवी बोहराको न.नं. ७ कि.नं. ११२ को जग्गामा साविक बमोजिम ०.८४५० व.मी. क्षेत्रफल रही जग्गा पुगेकै देखिँदा र विवादित न.नं. ८ को जग्गा कि.नं. ११३ भित्रकै देखिएको यस स्थितिमा वादी धनादेवी बोहराको कि.नं. ११२ बाहेकको कि.नं. ११३ भित्रको जग्गामा दावी पुग्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६७ साल फागुन २९ गते रोज १ शुभम् ।

६

**का.मु.स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री वैद्यनाथ उपाध्याय**, २०६५-CI-०२४४, CI-०९८६, धरौटी बापत्को अधिकतम् दायित्व कायमै राखी हरहिसाब गरिपाऊँ, *मनोजकुमार अग्रवाल (तोदी) वि. नेपाल दूर सञ्चार कम्पनी लिमिटेड, केन्द्रीय कार्यालय समेत, नेपाल दूर सञ्चार कम्पनी लिमिटेड वि. मनोजकुमार अग्रवाल*

वादीले प्रतिवादीसमक्ष मिति २०५६।१२।२५ मा रू. ४०,०००।- नगद धरौटी राखी आफ्नो नाउँको टेलिफोन नं. ५२१३९२ बाट अस्वाभाविकरूपले वृद्धि भएकोले हरहिसाब गरिपाऊँ भनी दिएको निवेदनको सम्बन्धमा यथार्थ हिसाब गरी सोको जानकारी वादी मनोजकुमार अग्रवाल (तोदी) लाई दिनुपर्नेमा सो तर्कको आफैंले स्वीकार गरेको दायित्व पनि प्रतिवादी दूर सञ्चार कार्यालय, बिराटनगरले निर्वाह गरेको नदेखिँदा आपसी सहमतिअनुसार मिति २०५६।१२।२५ मा रू. ४०,०००।- धरौटी राखी टेलिफोन नं. ५२१३९२ को बीलमा अस्वाभाविक वृद्धि भएकोले यथार्थ हिसाब किताब गर्नुपर्ने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६७ साल फागुन २९ गते रोज १ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६३ सालको रिट नं. WO-०३७६, उत्प्रेषणयुक्त परमादेश, *नीरबहादुर कार्की वि. सिद्देश्वर सहकारी संस्था लिमिटेड सिन्धुली समेत*

रिट निवेदकलाई विपक्षी सहकारी संस्थाले निजले ५८ वर्ष उमेरको हद पूरा गरेको भनी निजले पाउने कानूनबमोजिमको सुविधा समेत प्रदान गरी अवकाश दिएको र यी रिट निवेदकले पनि संस्थाबाट आफूले प्राप्त गर्नुपर्ने लेना रकम समेत स्वीकार गरी बुझी लिई भरपाई समेत गरिदिएको देखियो। अतः निवेदकको अवकाश कानूनबमोजिम भएको र अवकाश दिने कार्य एवं निर्णयमा कुनै त्रुटि नदेखिएको कारणबाट प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल माघ २५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६३ सालको रिट नं.००६९, उत्प्रेषणयुक्त परमादेश, *यमप्रसाद तिवारी वि. सामान्य प्रशासन मन्त्रालय समेत*

उपराष्ट्रपति कार्यालयको बढुवा समितिको मिति २०६७।४।२ को निर्णयअनुसार सो कार्यालयले मिति २०६७।४।४ मा गोरखापत्रमा सूचना प्रकाशित गरी हाल कार्यरत् रहेकै सेवा समूहको एक तह माथिको कम्प्युटर अधिकृत पदमा बढुवाको सिफारिश गरिनुपर्नेमा अन्यथा भएकोले सच्याइएको भनी सूचना प्रकाशित गरेको देखिन्छ। सम्बन्धित कार्यालयले भूल सच्याउन पाउने नै हुन्छ। यी रिट निवेदक भूल र गल्तीबाट नेपाल प्रशासन सेवा सामान्य प्रशासन समूहको अप्राविधिक पदमा बढुवा हुन पुगेको र दफा २४(घ)(१) बमोजिमको विज्ञप्ति सूचनाअनुसार दरखास्तको फाराम भरी सोही दफाबमोजिम बढुवा हुन पुगेकोमा सोही दफाअन्तर्गत भएको बढुवाबाट अर्को सेवा समूहमा बढुवा हुन पाउने कानूनी व्यवस्था नभएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दीपक खरेल

इति संवत् २०६७ साल माघ २५ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६७ सालको रिट नं. WO-०४४८, उत्प्रेषण समेत, *सुवर्णमान बनेपाली श्रेष्ठ समेत वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत,*

लोकसेवा आयोगले विज्ञापन गरेका विभिन्न सेवाहरूमध्य कुनै एउटा सेवा छनोट गरी सकेपछि कानूनले अन्यथा व्यवस्था गरेकोमा बाहेक तत्सम्बन्धमा आयोगले निर्धारण गरेका सेवा सम्बन्धी सीमाभित्र रहेर तत्सम्बन्धी अधिकारको प्रयोग र प्रचलन गर्नुपर्छ। सक्षमताको नाममा एउटै व्यक्तिले पटक-पटक सेवा रोज्न अवसर पाउने र निजले त्यस्तो पद ओगटेको कारण अर्को कुनै अमूक व्यक्तिले उपयुक्त अवसरको छानौट गर्नबाट बञ्चित हुने गरी नवप्रवेशीका अवसरलाई बञ्चित गर्नु हुँदैन। एउटा सेवा प्रवेश गरिसकेको व्यक्ति जसले सरकारी सुविधा उपभोग गरिरहेको हुन्छ। त्यस्तो व्यक्ति सरकारी सुविधा उपभोगकै कारण सामान्यतया त्यस्तो सुविधा नपाउने नवप्रवेशी भन्दा अनुभवी हुने हुन्छ र उसले समान तहको प्रतिस्पर्धामा नवप्रवेशीभन्दा अगाडि स्थान ल्याउन सक्छ। जसबाट सरकारी सेवा सुविधाविहीन नव प्रवेशी सेवा प्रवेश गर्ने अवसरबाट बञ्चित हुन्छ। यसबाट एउटा सेवामा कायमै रहेको व्यक्तिले अर्को सेवामा नाम निकाली वैकल्पिक उम्मेद्वारसँग सौदाबाजी गर्ने जस्तो नकारात्मक प्रवृत्तिको विकासमा पनि टेवा पुऱ्याउन सक्छ। एउटा सेवामा प्रवेश गरिसकेपछि समान तहमा उम्मेद्वार बन्न नपाउने गरी जारी गरिएको लोकसेवा आयोग निर्देशिका, २०६७ तथा सोअनुरूप गरिएको लोकसेवा आयोगको मिति २०६७।६।१४ को निर्णयले निवेदकको हक अधिकारमा आघात पुऱ्याएको भन्न नमिल्ने।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल मंसिर १२ गते रोज १ शुभम्।

- यसै प्रकृतिको २०६७ सालको रिट नं. WO-०३५०, उत्प्रेषण समेत, *शोभाकान्त पौडेल समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको दे.पु.नं. १०७४, ट्रेडमार्क दर्ता, *कर्मा घले वि. अञ्जू उप्रेती ढकाल*

पेटेण्ट डिजाइन ट्रेडमार्क ऐन २०२२ को कानूनी व्यवस्था हेर्दा ट्रेडमार्क संरक्षणको लागि नेपालका उद्योग विभागमा दर्ता गर्नुपर्ने, दर्तापश्चात्को संरक्षण, खारेजीको कारवाही सम्बन्धमा व्यवस्था देखिन्छ दफा १८(३) अनुसार दर्ता भै सकेको ट्रेडमार्कले अरू कसैको ट्रेडमार्कको ख्यातिमा धक्का पुग्ने देखेमा विभागले दर्ता बदर गर्न सक्ने नै देखिन्छ । कम्पनीको तर्फबाट ट्रेडमार्क दर्ता खारेजी निवेदन र ट्रेडमार्क दर्ता गरिपाऊँ भन्ने निवेदन दुबै एकैसाथ राखी थप बुझ्नुपर्ने केही कुरा बाँकी भए बुझी निर्णय गर्ने गरी पुनः निर्णयका लागि पठाउने गरी भएको निर्णय अन्यथा देखिन नआउने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल फागुन २ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको रि नं. ०६३-WO-११४५, उत्प्रेषणयुक्त परमादेश, *शिवनारायण चौधरी वि. राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, राजविराज समेत*

निवेदन दावी सम्झौतामा उल्लिखित शर्तभन्दा भिन्न देखियो । निवेदक स्थायी कर्मचारी नभई करारमा नियुक्ति भएका कर्मचारी हुँदा निवेदक र स्थायी कर्मचारी धारा १३ को प्रयोगको सन्दर्भमा भिन्न वर्ग भएको हुँदा स्थायी कर्मचारीले पाए सरहको सुविधा निवेदकको पनि पाउनु पर्छ भन्ने दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल फागुन २ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको रि नं. ११०५, उत्प्रेषण समेत, *भगवान बोगटी वि. पनौती नगरपालिका, पनौती काभ्रेपलाञ्चोक समेत*

यिनै पक्ष विपक्ष भएको वादी पुनरावेदक भगवान बोगटी विरूद्ध वीरबहादुर के.सी. भएको दे.पु.नं. ०८०८।२०६७।९।१९ जग्गा खिचोला मुद्दा दर्ता भै पुनरावेदन अदालत पाटनमा विचाराधीन रहेको सोही मुद्दाबाट इन्साफ हुने साधिकार निकायमा विचाराधीन मुद्दामा दुबै पक्षबाट पेश भएका प्रमाणहरूको विवेचना भै साधिकार निकायबाट इन्साफ हुने नै हुँदा यस रिट निवेदनबाट बोल्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल फागुन २ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको रि नं. ०१९९, उत्प्रेषण, *नन्दलाल भुषाल वि. जयश्वर भुषाल समेत*

स्थानीय अधिकारीको निर्णयउपर सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न पाउने कानूनी हक सुरक्षित हुँदाहुँदै सो कानूनी बाटो अवलम्बन नगरी असाधारण क्षेत्र अन्तर्गत रिट निवेदनको माध्यमबाट स्थानीय अधिकारीको आदेश बदर गरिपाऊँ भनी पर्न आएको देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दिनेशप्रसाद घिमिरे

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल असोज १३ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको रिट नं. WO-०४८२, उत्प्रेषण समेत, *महेन्द्रबहादुर खड्का समेत वि. मालपोत कार्यालय, दोलखा समेत*

२०५१।१०।१२ को निर्णयउपर हाल आएर रिट निवेदन गर्नु परेको अर्थात् बिलम्ब हुनु पर्नाको स्वाभाविक तथा पत्यारलायक कारण निवेदकबाट प्रस्तुत हुन सकेको समेत देखिएन । अड्डाको कागज नष्ट भएको घटनाबाट फाइदा लिन खोजेको देखिनुको साथै विलम्बको सिद्धान्तको आधारमा समेत प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल चैत ३ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको दे.पु.नं. ०६५-CI-०८६९, निषेधाज्ञा मिश्रित परमादेश, *ऋषिराज पन्त वि. भूमिसुधार कार्यालय, नयाँ बानेश्वर समेत*

रिट निवेदक ऋषिराज पन्तले विवादको जग्गा आफूले मोहियानी हक खरिद गरी लिएको र सो जग्गाबाट पश्चिम तर्फको आधा जग्गा प्रमिला पन्तलाई हा.व. गरिदिएको कुरा निजको रिट निवेदनबाटै देखिँदा निजले विवादको जग्गा बाँडफाँड वा हक हस्तान्तरण गर्नसक्ने कुरालाई स्वीकारै देखिन्छ । यस्तो अवस्थामा हाल आएर उक्त जग्गा बाँडफाँड गर्न मिल्दैन भनी लिएको निवेदन जिकीरलाई विवेक र न्यायसम्मत भन्न नमिल्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल भदौ ७ गते रोज २ शुभम् ।

- २०६६ सालको रि.नं. ०६५-WO-०९७५, उत्प्रेषण, *ऋषिराज पन्त वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको ०६३-WO-०५०४, उत्प्रेषणयुक्त परमादेश, *डिल्लीराज खड्गी वि. जिल्ला शिक्षा कार्यालय, ताहाचल समेत*

प्रतिष्ठानमा कार्यरत् शिक्षक कर्मचारीलाई दिइएको सजायउपर श्रम ऐन, २०४८ बमोजिम श्रम अदालतमा पुनरावेदन लाग्न सक्ने देखिन्छ । निवेदक डिल्लीराज खड्गीलाई शिक्षक पदबाट अवकाश दिने गरी विद्यालय व्यवस्थापन समितिबाट भएको निर्णयउपर सोही कानूनी व्यवस्थाबमोजिम कानूनका म्यादभित्र श्रम अदालतमा पुनरावेदन गर्न जानुपर्नेमा सो कानूनी बाटो अवलम्बन नगरी प्रभावकारी वैकल्पिक कानूनी उपचारको बाटो हुँदाहुँदै गलतरूपमा उपचारको बाटो खोजी प्रस्तुत रिट निवेदन पर्न आएको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ईश्वर आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल माघ १७ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६३ सालको ०६३-WO-०४५६, उत्प्रेषणयुक्त परमादेश, *डिल्लीराज खड्गी वि. जिल्ला शिक्षा कार्यालय, ताहाचल समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

११

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ०६३-WO-०९६६, उत्प्रेषणयुक्त परमादेश, *डिल्लीराज खड्गी वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

आफू कार्यरत् विद्यालयको सञ्चालन कसले गरेको छ भन्ने कुरा एउटा शिक्षक जस्तो बौद्धिक व्यक्तिलाई समयमा नै थाहा भएन भन्न मिल्दैन । यसरी आफू विद्यालयमा कार्यरत् रहँदासम्म विद्यालय सञ्चालनका हरेक क्रियाकलाप स्वीकार गरी विद्यालयमा नोकरी गरी रहने तर विभिन्न कारणबाट आफूले अवकाश पाएपछि विद्यालयको व्यवस्थापन सञ्चालन, सम्झौता र सार्वजनिक शैक्षिक गुठीमा लाने कार्य गैह्रकानूनी भयो भन्ने निवेदन दावी कानूनसम्मत नदेखिने ।

विद्यालयको सम्पत्ति धितोमा राखी विद्यलयका नाउँमा कुनै व्यक्ति विशेषले ऋण दिन्छ लिन्छ भने त्यो गैह्रकानूनी हुन्छ । त्यस्तो ऋणको दायित्व विद्यालयले व्यहोर्नु पर्दैन । त्यस्तो ऋणको दायित्व ऋण दिनेले नै व्यहोर्नु पर्दछ । तसर्थ विद्यालय एक स्वशासित संगठित संस्था हुने र त्यस्तो संस्थाले विद्यालयको हितको लागि विद्यालय सञ्चालनको अधिकार र कर्तव्य भएको निकायबाट निर्णय गरी विभिन्न वित्तीय संस्थाबाट ऋण लिन सक्ने भएकोले विद्यालयको हित र विकासका लागि ऋण लिन पर्दा विद्यालयको नाउँमा ऋण लिने कुनै व्यक्ति विशेषका नाउँमा नभई विद्यालय सञ्चालक समितिले निर्णय गरी नेपाल सरकारको सहमति लिएर मात्र विद्यालयकै नाउँमा ऋण लिने व्यवस्था गर्नु भनी लेबोरेटरी उच्च मा.वि. कीर्तिपुरको व्यवस्थापन समितिका नाउँमा निर्देशात्मक आदेश समेत जारी हुने ।

इजलास अधिकृतः ईश्वर आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल माघ १७ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०६३-WO-१२०१, उत्प्रेषणयुक्त परमादेश, *कृष्णप्रसाद प्रधान समेत वि.मिनीप्रसाद प्रधान समेत*

आफ्नो वतन निवेदनमा उल्लेख गरेको विभिन्न ठाउँमा भएकोमा त्यहाँ म्याद तामेल नगरी

का.जि.का.म.न.पा. वडा नं. १८ मा तामेल गरेकोले आफूहरूले प्रतिवाद गर्न नपाएको भन्ने भएकोमा निजहरूले आफ्नो स्वेच्छाले लिएको नाता प्रमाणित प्रमाणपत्र, यी निवेदकहरू प्रथम पक्ष र उदयमान डंगोल दोस्रो पक्ष भएको मिति २०६६।१२।१६ को करारनामाको कागज समेतबाट यी निवेदकहरू चारै जनाको वतन का.जि.का.म.न.पा. वडा नं. १८ भन्ने स्पष्ट प्रमाणित भएको देखिएको हुँदा निवेदकहरूको यस अदालतप्रतिको व्यवहार सफा हात अर्थात् One who comes on equity must come with clean hand विपरीत मात्र होइन, निवेदकले यस अदालतलाई व्यहोरा ढाँटी इन्साफमा मात्रै तल माथि पार्ने दुष्प्रयास समेत भएको देखिएको हुँदा यस्ता व्यक्तिलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अन्तर्गतको असाधारण अधिकारको उपचार प्राप्त हुन नसक्ने ।

इजलास अधिकृत: उपेन्द्रप्रसाद गौतम

कम्प्युटर: बेदना अधिकारी

इति संवत् २०६७ साल पुस २० गते रोज ३ शुभम् ।

१३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. २०६३-WO-०२८६, उत्प्रेषणयुक्त परमादेश समेत, *हिरारत्न शाक्य वि. राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय विशालबजार, काठमाडौं समेत*

रिट निवेदक हिरारत्न शाक्य समेत नयना इम्पोरियमको सञ्चालक शेयर होल्डर रहेको र ऋण सीमाको दायित्व सिर्जना भैसकेको अवस्थामा निवेदककै दावीअनुसार मिति २०५१।१।२८ मा आफ्नो सम्पूर्ण शेयर आनन्दराज शर्मालाई हस्तान्तरण गर्दा पनि उल्लिखित ऋणको सीमा स्वीकृतिबाट सिर्जना हुने दायित्वको सम्बन्धमा कुनै कुरा उल्लेख गर्न सकेको देखिँदैन न त उल्लिखित ऋण सीमा स्वीकृतिलाई र उक्त ऋण लिन सीमा स्वीकृत गराउने सञ्चालक समितिको मिति २०५१।१।२६ को निर्णलाई बदर गराउन वा अन्यथा भन्न सकेको नै देखिन्छ । यस्तो अवस्थामा रिट निवेदक हिरारत्न शाक्यले आफू समेत सञ्चालक रहेको अवस्थामा सञ्चालक समितिबाट निर्णय गरी विपक्षी राष्ट्रिय वाणिज्य बैंकसँग स्वीकृत गराएको ऋणको सीमाअन्तर्गत सिर्जना भएको दायित्वबाट उन्मुक्ति पाउन नसक्ने ।

इजलास अधिकृत: उपेन्द्रप्रसाद गौतम

कम्प्युटर: विपनादेवी मल्ल

इति संवत् २०६७ साल पुस २० गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. WO-०२६५, उत्प्रेषण समेत, *झुमरमल मुन्धडा वि. मिश्रीलाल मण्डल धानुक*

विवादित कि.नं. २५ को जग्गाको मोही विपक्षीमध्येका मिश्रीलाल भएकोमा विवाद नदेखिएको, मोही प्रमाणपत्र पाऊँ भनी विपक्षी मध्येका मिश्रीलाल मण्डलको निवेदन परेपश्चात् निवेदकका नाउँमा म्याद जारी गरी जारी भएको म्यादमा निवेदकले म्याद गुजारी बसेको देखिएको निवेदकको नाउँमा तामेल भै आएको म्याद रीतपूर्वकै देखिएको, मोही लगत नं. २ नं. अनुसूची फाराम, अस्थायी जोताहा निस्सा, समेतका कागजातका आधारमा भूमिसुधार कार्यालय सप्तरीको विवादित कि.नं. ५५ को जग्गाको मोही प्रमाणपत्र विपक्षीमध्येका मिश्रीलाल मण्डललाई दिने गरी मिति २०५६।१।१५ मा निर्णय गरेको देखिएको र उक्त निर्णय समेतका कामकारवाही कानूनअनुरूपकै देखिएकोले निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: बासुदेव पौडेल

कम्प्युटर: बेदना अधिकारी

इति संवत् २०६७ साल चैत १८ गते रोज ६ शुभम् ।

१५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको WO-०६०३, उत्प्रेषण, प्रतिषेध, *मनोजकुमार भेटवाल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

संविधानले सबै निकायहरूको काम, कर्तव्य र अधिकार स्पष्ट उल्लेख गरेको छ । त्यसरी तोकिएको अधिकारभन्दा बढी अधिकार कसैले पनि प्रयोग गर्न सक्दैन । तर यस विवादमा अर्थात् प्रस्तावित आकाशे पुल निर्माण सम्झौतामा भ्रष्टाचार भएको भन्ने नदेखिएको र अधिकार दुरूपयोग भएको भन्ने पनि नदेखिएको अवस्थामा आकाशे पुलको Design को सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले

राय दिने वा Design बदल्न लगाउन आदेश गर्न सक्दैन । त्यस्तो आदेश अधिकारक्षेत्रविहीन हुन्छ । क्षेत्राधिकारको अभावमा भएको कुनै पनि कार्यले मान्यता प्राप्त गर्न नसक्ने ।

का.म.न.पा. र निवेदक कम्पनीबीच भएको सम्झौतामा कुनै भष्टाचार वा अनुचित कार्य भएको भन्ने नदेखिएको स्थितिमा उल्लिखित सम्झौता रद्द गर्ने गरी भएको आयोगको निर्णयले क्षेत्राधिकारको अभावमा वैधता पाउन नसक्ने हुँदा कायम रहन नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल चैत २ गते रोज ४ शुभम् ।

१६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ को WO-०६७३, उत्प्रेषण, प्रतिषेध, *मनोजकुमार भेटवाल वि. व्यवस्थापिका संसद सार्वजनिक लेखा समिति, संसद भवन समेत*

राज्यका हरेक अङ्ग तथा पदाधिकारीहरूका कामकारवाही क्रियाकलाप कानूनसम्मत हुनुपर्दछ । कोही पनि कानूनभन्दा बाहिर जान सक्दैन । जतिसुकै राम्रो परिणाम आउने काम गरे पनि यदि त्यो काम गर्ने अधिकार छैन अर्थात् नभएको अधिकार प्रयोग भएको छ भने त्यसले वैधता प्राप्त गर्न सक्दैन । क्षेत्राधिकारको अभावमा कुनै पनि कार्यले मान्यता प्राप्त गर्न नसक्ने ।

आकाशे पुल निर्माणसम्बन्धी सम्झौताको वैधता तथा निरन्तरता सम्बन्धमा राज्यको महत्वपूर्ण अङ्ग अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट लिइएको निर्णयका उपर यस अदालतमा मिति २०६७।९।१८ मा रिट दर्ता भै Subjudice रहेकै अवस्थामा सार्वजनिक लेखा समितिले यस विषयमा छलफल गरी गरेको मिति २०६७।९।२१ को निर्णय नेपालको अन्तरिम संविधानको धारा ६० को संवैधानिक व्यवस्थाको प्रतिकूल देखिने ।

सार्वजनिक लेखा समितिले आकाशेपुल निर्माण सम्बन्धमा का.म.न.पा. र इनोभेटिभ कन्सेप्ट नेपाल प्रा.लि. बीच सम्पन्न सम्झौताहरू रद्द गर्ने गरी गरेको मिति २०६७।९।२१ को निर्णय तथा सो को आधारमा जारी पत्रहरू नेपालका अन्तरिम संविधान, २०६३ को धारा ६० तथा संविधान सभा (व्यवस्थापिका संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ११० को व्यवस्थाको प्रतिकूल देखिँदा क्षेत्राधिकारको अभावमा भएको उक्त निर्णय तथा पत्रहरू रिट निवेदन दावीबमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६७ साल चैत २ गते रोज ४ शुभम् ।

१७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको रिट नं. ०६७-WO-०६१० उत्प्रेषणयुक्त परमादेश, *टंकविशाल घिमिरे समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सडकमा सजिलोसँग हिँड्न र सडक वारपार गर्न पाउनु पर्ने सबै व्यक्तिको हक भएको हुनाले रत्नपार्क र जमलको आकाशे पुललाई नमूना मानी गोंगबु बसपार्क गेटमा बन्न लागेको आकाशेपुलमा पनि त्यति हदसम्मको पसल प्रयोग स्वीकार्य हुन्छ । पेटी सडककै extension हो र पेटीमा बन्ने आकाशे पुल पनि सडककै Extentiion मानिन्छ । आकाशे पुल पनि सार्वजनिक सडक नै भएकोले सडकमा व्यक्तिगत फाइदाको लागि पैदल यात्रुलाई आवतजावत गर्न बाधा पर्ने गरी व्यापारिक कारोवार गर्ने स्थल बन्न नसक्ने ।

प्रस्तावित आकाशे पुल कति स्थलमा पसल राखिन्छ, निवेदकहरूले भने सरह एक प्रकारले Shopping Complex कै रूप लिने हो कि सो र त्यसरी राखिने पसलले सवारी आवागमन र पैदल यात्रुको सडक पार गरी आवत जावत गर्ने स्वतन्त्रताको हक उपभोग गर्नमा कति बाधा दिन्छ यी कुराहरूको नियमित निरीक्षण तथा अनुगमन नेपाल प्रहरीको ट्राफिक प्रहरीले गर्नेछ । यसको लागि प्रहरी प्रधान कार्यालयले ट्राफिक प्रहरीको एक जना कम्तीमा रा.प. द्वितीय श्रेणीको प्रहरी अधिकृत व्यक्ति तोकिन पर्नेछ । यसरी तोकिएको एक प्रहरी अधिकृत र का.म.न.पा.ले खटाउने एक जिम्मेवार अधिकृत सहित दुई सदस्यीय एक अनुगमन समिति गठन हुनेछ । गठन हुने समिति स्थायी हुनेछ । यसरी यो आदेशबाट गठन हुने दुई सदस्यीय समितिले अब बन्ने प्रस्तावित पुलहरूमा नमूनाको रूपमा मानिएका जमल र रत्नपार्कको आकाशे पुलको हाराहारीको संख्यामा मात्र पसलहरू रहन्छन् वा निवेदकले आरोप लगाए सरहको १७५-२०० सम्मको संख्यामा पसल

रहन गई पैदल यात्री र सवारी आवागमनमा बाधा उत्पन्न हुन्छ सो निरन्तर Monitor गर्ने कर्तव्य सो समितिको हुनेछ । उल्लिखित आकाशे पुलमा जमल र रत्नपार्कको आकाशे पुलको भन्दा बढी पसल राखेकोले पसलको कारण पैदल यात्रुलाई आवत जावत, ओहोरदोहोर र सवारी गुड्न समेत बाधा परेको भन्ने कुरा यसरी गठन हुने ट्राफिक प्रहरीसहितको अनुगमन समितिले ठहर गरेमा का.म.न.पा. ले पसल हटाउने व्यवस्था गर्नु भनी स्थानीय विकास मन्त्रालय, प्रहरी प्रधान कार्यालय, ट्राफिक प्रहरी कार्यालय, काठमाडौं, काठमाडौं महानगरपालिका तथा इनोभेटिभ कन्सेप्ट प्रा.लि. को नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।
इजलास अधिकृत: विष्णुप्रसाद उपाध्याय
कम्प्युटर: बेदना अधिकारी
इति संवत् २०६७ साल चैत २ गते रोज ४ शुभम् ।
यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६७ सालको रिट नं. ०६७-WO-०६०४, उत्प्रेषणयुक्त परमादेश, *हरिबहादुर थापा समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६७ सालको रिट नं. ०६७-WO-०६११, उत्प्रेषणयुक्त परमादेश, *किसलाल महर्जन समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

१८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको दे.पु.नं. ०४४०, मोही नामसारी, *प्रेमलाल महर्जन वि. दुर्गादेवी न्यौपाने (कोइराला) समेत*

पुनरावेदकका पिता भनिएको व्यक्तिको नाम विभिन्न लिखतहरूमा फरक-फरक उल्लेख हुन पुगी उल्लिखित नाम एकै व्यक्तिको हो भनी यकीन हुन नसकी विवादास्पद रहेको तथा फिल्डबुक र जग्गाधनी पूर्जामा मात्र मोही अंकित भएको अवस्थामा पुनरावेदकका पिता उल्लिखित जग्गाको कानूनबमोजिमको मोही हो भनी मान्न मिल्ने देखिएन । मानिसको ठेगाना समयअनुसार फरक हुन सक्छ । वर्षै पिच्छे उमेर फरक हुन सक्छ । तर नाम, तीनपुस्ते नाता सदा निरन्तर रहन्छ । फरक हुँदैन । तर यसमा फिल्डबुक, जग्गाधनी प्रमाणपूर्जा नागरिकताको प्रमाणपत्रलगायतका विभिन्न लिखतहरूमा फरक-फरक नाम भएकोले पुनरावेदकको पिता नै उक्त जग्गाको मोही मान्न नमिल्ने ।
इजलास अधिकृत: दीपक खरेल
कम्प्युटर: बेदना अधिकारी
इति संवत् २०६७ साल फागुन २७ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको दे.पु.नं. ०४३९, मोही नामसारी, *प्रेमलाल महर्जन वि. दुर्गादेवी न्यौपाने (कोइराला) समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको रि.नं. १२०५, उत्प्रेषण मिश्रित परमादेश, *राधामणि खतिवडा वि. राजश्व न्यायाधिकरण काठमाडौं समेत*

कुनै विषयका सम्बन्धमा निवेदन गर्नुपर्ने हदम्याद वा म्याद कानूनमा नलेखिए पनि सम्बद्ध कानूनमा व्यवस्थित म्याद हदम्यादकै करीव वा वरपर निवेदन गर्नुपर्छ । उदाहरणको लागि पुनरावेदन गर्ने म्याद ३५ दिन छ भने यस अदालतको असाधारण अधिकार क्षेत्रमा निवेदन गर्न ३५ दिनभित्रै निवेदन गर्नुपर्छ भन्ने होइन, तर ३५ दिन र थाम्ने थमाउने म्याद समेत जोडी त्यसपछि केही छोटो अवधिभित्र अनावश्यक ढिलाई गर्नु हुँदैन । यी रिट निवेदकका विरूद्ध राजश्व न्यायाधीकरणका स्रेस्तेदारबाट मिति २०६१।१२।२६ मा भएको दरपीठ आदेशउपर उही निकायमा यी रिट स्रेस्तेदारको दरपीठ आदेश सदर भएपश्चात् मात्र प्रस्तुत रिट निवेदन दिएको देखिएको हुँदा अनुचित बिलम्ब गरी राजश्व न्यायाधीकरणमा दिएको निवेदनमा भएको आदेशका सम्बन्धमा परेको प्रस्तुत रिटका सम्बन्धमा यी रिट निवेदकलाई अदालतले मद्दत गर्नसक्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृत: दीपक खरेल
कम्प्युटर: बिपनादेवी मल्ल
इति संवत् २०६७ साल माघ २३ गते रोज १ शुभम् ।

२०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६४ सालको रि.नं. ०१०५३, उत्प्रेषणयुक्त परमादेश, *सानुभाई महर्जन समेत वि. मालपोत कार्यालय, लगनखेल समेत*

मालपोत ऐन, २०३४ को दफा २४ अनुसार सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता गर्न नमिल्ने भन्ने कानूनी व्यवस्था रहेको एकातिर देखिन्छ भने अर्कोतिर उल्लिखित जग्गा मिति २०४५।१२।१४ मा नै सरकारको नाउँमा दर्ता भई सकेको भनी निवेदकले रिट निवेदनमै स्वीकार गरेको देखिएको हुँदा सरकारी स्वामित्वको सार्वजनिक खोला जनिएको जग्गामा यी रिट निवेदकलाई प्रस्तुत मुद्दा गर्ने हकदैया नै रहेको देखिँदैन । उक्त विवादित जग्गा पार्क समितिलाई दिने गरी सरकारले निर्णय गरेकोमा सो निर्णयमा कुनै त्रुटि नदेखिने ।

निवेदकको हकको सम्पत्ति निजहरूको हक मेटाउने गरी निर्णय गरेकोमा मात्र प्राकृतिक न्याय सिद्धान्तविपरीत निर्णय भएको मान्न पर्छ । उक्त जग्गा बागमती नदी भन्ने देखिएको, नापीको समयमा आफ्नो नाउँ मोही महलमा लेखाउन नसकेको, आफ्नो दावीलाई प्रमाणित गर्न कुनै प्रमाण पेश गर्न नसकेको देखिन्छ । सरकारी स्वामित्वको पर्ति खोला जनिएको सार्वजनिक जग्गा जसमा निवेदकको कुनै हक समाप्त हुँदैन । त्यस्तो जग्गामा सरकारले सार्वजनिक हित हुने पार्क निर्माण गर्ने प्रयोजनको लागि दिँदा निवेदकलाई बुझिरहन नपर्ने ।

इजलास अधिकृत: दीपक खरेल

कम्प्युटर: बिपनादेवी मल्ल

इति संवत् २०६७ साल माघ २३ गते रोज १ शुभम् ।

२१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६३ सालको रि.नं. ०८५६, उत्प्रेषणयुक्त मिश्रित परमादेश, *अंगत खड्का वि. जिल्ला वन कार्यालय काठमाडौं समेत*

निवेदकलाई कालोसूचीमा राख्ने निर्णय गर्दा निवेदकलाई प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सो सम्बन्धमा सफाइ पेश गर्ने सुनुवाइको मौका दिई निजले सन्तोषजनक सफाई पेश नगरेमा मात्र कति अवधिको लागि भनी अवधि किटान गरी कालो सूचीमा राख्नुपर्नेमा सोबमोजिमको प्रक्रिया पूरा गरेको देखिएन । उल्लिखित निर्णय गर्नुभन्दा अगाडि अनिवार्यरूपले पूरा गरिनुपर्ने Due Process का प्रक्रियाहरू अपनाई निर्णयमा पुग्नुपर्नेमा सो अनुसारको प्रक्रिया पूरा गरेको नदेखिएको हुँदा जिल्ला वन कार्यालयको निर्णयमा ठेक्का तोडेको निर्णय सदर गरी निवेदकलाई मिति २०६३।८।२९ मा राज्यमन्त्री स्तरको निर्णयबाट कालोसूचीमा राख्ने हदसम्म मात्र जिल्ला वन कार्यालयको निर्णय कानूनसम्मत नहुँदा बदर गरिदिएको छ । अब निवेदकलाई कालो सूचीमा राख्न पर्ने नपर्ने कारणका सम्बन्धमा निवेदकलाई सफाई पेश गर्ने मौका दिई स्पष्टीकरण पेश गर्न लगाई निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभए अवधि किटान गरी कालोसूचीमा राख्ने नराख्ने पुन: निर्णय गर्नु भन्ने परमादेश समेत जारी हुने ।

इजलास अधिकृत: दीपक खरेल

इति संवत् २०६७ साल माघ २ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६३ सालको रि.नं. ००२९३, उत्प्रेषणयुक्त परमादेश, *अंगत खड्का वि. जिल्ला वन कार्यालय काठमाडौं समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६३ सालको रि.नं.WO-१०४०, उत्प्रेषण, *ठमकुमारी उपाध्याय वि. जिल्ला वन कार्यालय, पर्वत समेत*

निवेदक २०६१ सालमै सालघारी हर्राखर्क वन उपभोक्ता समूहको सदस्य भैसकेको भन्ने देखिएको, दधिराम दर्जी समेतका व्यक्तिहरू सदस्य रहेको भट्टेखाल्टो सामुदायिक वन उपभोक्ता समूहको निवेदन मागको सम्बन्धमा जाँचबुझ गरी स्थलगत निरीक्षण प्रतिवेदन, वन कार्यालयमा रहेको अभिलेख स्रेस्ता यसअघि कुनै सामुदायिक वनमा समावेश भए नभएको रेकर्ड, फलेवास इलाका वन कार्यालयको सिफारिश समेतलाई मध्यनजर राखी जिल्ला वन कार्यालय पर्वतले विवादित सामुदायिक वन भट्टेखाल्टो सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गर्ने गरी निर्णय गरेको देखिएको र उक्त निर्णय वन ऐन २०४९ र ऐ को नियमावलीमा उल्लिखित कानूनी प्रावधान अनुरूपकै देखिएको तथा उक्त निर्णयले निवेदकको हकाधिकार हनन् भएको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत: बासुदेव पौडेल

कम्प्युटर: विपनादेवी मल्ल

इति संवत् २०६७ साल चैत ६ रोज १ शुभम् ।

२३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६५ सालको रि.नं.WO-०९८२, उत्प्रेषण, *सडक विभाग वि. नेशनल कन्ट्रक्शन कम्पनी नेपाल लिमिटेड (NCCN) भद्रकाली समेत*

निवेदकले नै विपक्षी लामा कन्सट्रक्शन कम्पनी प्रा.लि. लाई Adjucator को निर्णय बमोजिमको रकम भुक्तानी दिई सकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भएको देखिएकोले मागबमोजिमको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बाशुदेव पौडेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल माघ १४ गते रोज ६ शुभम् ।

- यसै लगाउको २०६५ सालको विविध नं. MS-०००९, अदालतको अपहेलना, *सडक विभाग वि. तहसीलदार श्री प्रेमप्रसाद कोइराला, काठमाडौं जिल्ला अदालत समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ४

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** ०६७-CI-०३१६, निषेधाज्ञा, *वैजनाथ मुखिया वि. सुजिता पञ्जियार समेत*

अदालतबाट भएको नक्साको न.नं. ५ कि.नं. १५२ को निवेदकको जग्गा भएको कुरामा विवाद देखिँदैन । सो जग्गा विपक्षीको कि.नं. १०१ न.नं. १४ को घरसँग जोडिई दक्षिणतर्फ रहेको देखिन्छ । पुनरावेदकले लिखित जवाफमा निवेदकको जग्गामा घर बनाउने र हस्तक्षेप नगरेको र गर्ने आशय नरहेको व्यहोरा भएको भए तापनि साँधमा रहेको न.नं. ६ को बाटोदेखि उत्तरतर्फ वादीको जग्गा रहेको देखिँदा आशंकाको स्थिति हुन अस्वाभाविक रहन आएन । निवेदकको हकको जग्गामा पुनरावेदक विपक्षीले घर निर्माण गर्न कानूनतः नपाउने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६७ साल माघ १३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** ०६६-CI-१०४७, निषेधाज्ञा, *रामचन्द्र शाह समेत वि. राजेन्द्र यादव समेत*

पुनरावेदक तथा प्रत्यर्थीको बीच जग्गाको हक बेहक र तेरो मेरो समेतको विवाद उठाई दुबै पक्षबाट जग्गाधनीको प्रमाण पूर्जा रहेको उल्लेख गरेबाट रिट क्षेत्राधिकारबाट जग्गाको हक बेहक र तेरो मेरो विषयमा निरूपण हुन नसक्ने हुँदा छुट्टै उपचार अवलम्बन गर्नुपर्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६७ साल माघ १३ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** ०६७-CI-१११०, निषेधाज्ञायुक्त परमादेश, *होमकुमारी राना वि. विष्णुमाया थापा समेत*

विपक्षी विष्णुमायाले यी पुनरावेदकउपर चितवन जिल्ला अदालतमा दायर अंश चलन, लिखत बदर र जालसाजी मुद्दा अदालतमा विचाराधीन अवस्थामा रहेकाले विपक्षी विष्णुमाया मृतक पदम बहादुरको श्रीमती भए नभएको निजले अंशहक प्राप्त गर्ने नगर्ने सम्बन्धमा उपरोक्त मुद्दाहरूबाट निर्णय हुने र सो निर्णयको आधारबाट पेन्सनको सम्बन्धमा पनि निर्णय हुने ।

प्रत्यर्थी विष्णुमायाले पदमबहादुरको मृत्युपछि लगातार पेन्सन बुझी आएको देखिएबाट पुनरावेदन जिकीरअनुरूप विपक्षीले पेन्सन बुझ्ने आशंकाको स्थिति नभई अगावैदेखि बुझी आएको अवस्था हुँदा अवस्था हुँदा निषेधाज्ञाको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता नदेखिने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६७ साल माघ १३ गते रोज ५ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६३ सालको दे.पु.नं. ८५१, लेनदेन, *बिमलादेवी यादव वि. देवनाथप्रसाद यादव*

ऋणीले लिखतबमोजिम साँवा ब्याज बुझाउँदा सोही लिखतको पीठमा असूली जनाई वा लिखत फेला नपरे सोको छुट्टै भरपाई साहुबाट गराई लिएको हुनुपर्ने ।

वादीलाई गरिदिएको कपाली तमसूकको पीठमा असूली जनाउन पर्ने वा सो लिखत नै फट्टा गर्न सक्नु पर्नेमा सो केही नगरी वादीसँग सो कपाली तमसूक सुरक्षित रहेको र असूली समेत नजनाएकोले सो कपाली तमसुकबापत नै वादीको पतिलाई राजीनामा गरिदिएको प्रतिवादीको कथन आधारहीन मात्र नभई कानूनसँगत समेत नदेखिने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको फौ.पु.नं. CR-००८१, कर्तव्य ज्यान, *रासनारायण शाह सोनार समेत वि. नेपाल सरकार*

मृतकको Autopsy Report बाट "Cause of death मा Shock due to massive internal haemorrhage inside chest due to ruptur of heart" भनी उल्लेख गरेको देखिन्छ भने मृतकको लास जाँच मुचुल्काबाट छातिमा गोली लागी २ ईन्च गोलाई भएको डढेको कालो घाउबाट रगत बगी छाति पूरै रगतले भिजेको भन्ने उल्लेख भएको देखिएको छ । जाहेरवालीको जाहेरी, शव परीक्षण प्रतिवेदन, लास जाँच मुचुल्का, घटनास्थल प्रकृति मुचुल्काले मृतक रामजी शाहको मृत्यु गोली प्रहारबाट भएको भन्ने तथ्य स्थापित हुनुको साथै पुनरावेदक यसरी लेनदेनको पूर्व रिसइवीको विषयलाई लिएर मनसायपूर्वक नै मृतक रामजी साहको ज्यान मार्नमा सहयोग गरिदिने कार्यमा संलग्न रहेको कुरा निज दुबै प्रतिवादीहरूले प्रहरीमा गरेको साविती बयान समेतका प्रमाणबाट समर्थित हुन आएको देखिँदा प्रतिवादी हरिहर साह तथा रासनारायण साहलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसूर कायम गरी ऐ. को १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः हरिहर पौडेल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल पुस ७ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,** २०६४ सालको CI-००१७, CI-०१६६, दर्ता बदर सार्वजनिक कायम, *आलोक रौनियार वि. राधेश्याम लुइँटेल समेत, राधेश्याम लुइटेल समेत वि. आलोक रौनियार*

विवादित कि.नं. १३८४ बाटोको रूपमा प्रयोग भइरहेको र आफ्नो हक दर्ताको भन्ने प्रतिवादीले सो प्रयोग भई रहेको बाटोलाई अन्यथा भन्न सकेको देखिएको र विवादित जग्गा बाटोको रूपमा प्रयोग भैरहेको अवस्थामा न.नं. २७ कि.नं. १३८४ को उत्तर पश्चिम कुना अर्थात् न.नं. १५ को दक्षिण पश्चिमको कुनाबाट न.नं. २८ को उत्तरतर्फको बाटोसम्म जोड्नको लागि न.नं. २७ को उत्तरपूर्वबाट न.नं. २८ र १५ को भइरहेको बाटोको चौडाइको अनुपातमा बाटो निकास कायम हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६७ साल मंसिर १२ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,** २०६४ सालको WO-०२०१, उत्प्रेषण, *वामदेव गौतम वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

शिक्षा नियमावली, २०४९ को नियम ११४ मा नोकरी अवधि गणना गर्ने व्यवस्था रहेको देखिए तापनि निवेदकले माग गरेजस्तो विषयमा नोकरी अवधि गणना हुने प्रावधान राखेको पाइँदैन । तसर्थ नोकरी अवधि गणना गर्ने कानूनको अभावमा निवेदकको टुटेको नोकरी गणना गर्न नमिल्ने गरी भएको विद्यालय शिक्षक किताबखानाको निर्णय र पत्राचार समेतबाट निवेदकको संविधानप्रदत्त मौलिक हकमा आघात पुगेको नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः रमेश ज्ञवाली
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल फागुन ४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको CI-०७२९, निषेधाज्ञा, *सुरज महर्जन वि. महानगरीय प्रहरी परिसर हनुमानढोका समेत*

कानूनबमोजिमको काम कर्तव्य र अधिकार रहेको सरकारी निकायले कानूनविपरीत कामकारवाही गरेमा उपचार खोज्न पाउने हक निवेदकलगायत सम्बद्ध पक्षहरूमा रहने नै हुँदा विद्यमान अवस्थामा निवेदकको कानूनी हक हनन् हुनसक्ने आशंकाको स्थिति विद्यमान रहेको नदेखिँदा निषेधाज्ञाको निवेदन खारेज हुने ।

इजलास अधिकृतः रमेश ज्ञवाली
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६६ सालको CI-००९६, निषेधाज्ञा परमादेश, *गयाप्रसाद यादव समेत वि. खालिद अहमद खाँ समेत*

व्यक्ति-व्यक्तिबीचमा भएको लेनादेनाको विषयमा सरकारी निकायले कसैको सम्पत्ति अनाधिकृतरूपमा कब्जामा राखी राख्न मिल्ने हुँदैन । विपक्षी निवेदकहरूउपर परेको उजूरीमा अनुसन्धान तहकीकात समेत हुन नसकेको भन्ने मिसिलबाट देखिँदा निजको ट्रेक्टर बिना कारण नियन्त्रणमा लिई राखेको कार्यलाई कानूनसम्मत मान्न नमिल्ने ।

आफ्नो प्रमाण देखाई ट्रेक्टर फिर्ता पाऊँ भनी निवेदकले माग गरेमा निवेदकलाई ट्रेक्टर फिर्ता दिनु भनी विपक्षी जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका नाउँमा परमादेशको आदेश र आफ्नो अधिकारक्षेत्र बाहेकको बाली नाली, जग्गा जमीन आदिको विषयमा निवेदकलाई तारेखमा राख्नेलगायतका कुनै पनि गैरकानूनी कामकारवाही नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः रमेश ज्ञवाली
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६६ सालको CI-०१३९, निषेधाज्ञा, *ढलकबहादुर अधिकारी वि. कान्छा अधिकारी*

मिसिल संलग्न निर्माणाधीन घरका फोटाहरू हेर्दा यी पुनरावेदकले घर बनाउने क्रममा निवेदकको कि.नं. १८५६ को जग्गामा रहेको साविक देखिको घरको टप फुटाएको देखिँदा निवेदकको घरलाई कुनै असर नपर्ने गरी आफ्नो कि.नं. १८५५ र १८५७ को जग्गामा पारीत नक्साअनुसार घर बनाउनु भनी पुनरावेदन अदातबाट जारी भएको निषेधाज्ञाको आदेशमा कुनै त्रुटि नदेखिँने ।

इजलास अधिकृतः रमेश ज्ञवाली
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६६ सालको CI-०६९२, निषेधाज्ञा, *मुकेशकुमार वर्मा वि. प्रमुख (एस.पी.) जिल्ला प्रहरी कार्यालय, पर्सा समेत*

यी पुनरावेदकलाई जबर्जस्ती पक्राउ गरी अनाधिकृत कागज समेत गर्ने गराउने आशंकाको अवस्था विद्यमान रहेको देखिएन । कुनै गैरकानूनी वा अनाधिकृत कार्य हुन सक्ने आशंकाको स्थिति विद्यमान रहेको देखिएको अवस्थामा मात्र निषेधाज्ञाको आदेश जारी हुने हुन्छ । विपक्षीहरूको लिखित जवाफ व्यहोराबाट प्रस्तुत मुद्दामा निवेदकलाई गैरकानूनीरूपमा पक्राउ गर्ने, थुनी कागज गराउने जस्ता आशंका विद्यमान रहेको नपाइँदा निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः रमेश ज्ञवाली
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको CI-०६४८, निषेधाज्ञा, *दिलबहादुर थापा क्षेत्री वि. मुक्त कमैयाहरूको पुनर्स्थापनाको लागि जिल्ला कार्य समिति बर्दिया समेत*

विवादको जग्गा २०२४ सालदेखि आफ्नो भोगचलन रहेको भनी यी पुनरावेदकले जिकीर लिए तापनि विवादको जग्गा आफ्नो नाउँमा दर्ता भै सकेको छ भनी दर्ता स्रेस्ता पेश गरी जिकीर लिन सकेको देखिँदैन । कुनै जग्गामा निरन्तर भोग गरेकै आधारमा सो जग्गाको स्वामित्व कायम हुन सक्दछ भन्न मिल्दैन ।

भोग र स्वामित्व एउटै कुरा नभई अलग-अलग कुरा भएकोले भोगले स्वामित्व कायम भै हाल्छ भन्न नमिल्ने ।

इजलास अधिकृतः रमेश ज्ञवाली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६५ सालको CI-०६४९ *तिलबहादुर थापा वि. मुक्त कमैयाहरूको पुनर्स्थापनाको लागि जिल्ला कार्य समिति बर्दिया समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६६ सालको CI-०६३५, निषेधाज्ञा, *होमबहादुर खत्री वि.महानगरीय प्रहरी परिसर हनुमानढोका समेत*

कसैका नाउँमा रहेको निजी जग्गाका सम्बन्धमा कागज गराउने जस्ता कार्य गर्ने क्षेत्राधिकार प्रहरी कार्यालयलाई कानूनतः भएको देखिँदैन । त्यसरी कागज गराएको भएमा समेत त्यसले कानूनी मान्यता पाउन सक्ने हुँदैन । यस्तो अवस्थामा निवेदकको भनाइकै भरमा विपक्षी कार्यालयहरूले प्रहरी खटाई निवेदकलाई पक्राउ गर्ने, थुन्नेसम्मको कार्य गरी जबर्जस्ती जग्गा पास गराउने कार्य गर्ने आशंकाको स्थिति विद्यमान रहेको नदेखिने ।

इजलास अधिकृतः रमेश ज्ञवाली

इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६६ सालको CI-०३८९, परमादेश, *भरतबहादुर कार्की वि. मालपोत कार्यालय, भोजपुर*

सार्वजनिक पदमा आसिन व्यक्ति वा पदाधिकारीले कुनै काम कारवाही गर्न इन्कार गरेको अवस्थामा मात्र परमादेशको आदेश जारी हुन सक्दछ । सो बाहेक कुनै निकाय वा अधिकारीले गरेको निर्णय परमादेशको आदेशद्वारा बदर हुन सक्दैन । निवेदक जग्गाधनी भएको जग्गाको कुतबाली मोहीहरूले मालपोत कार्यालयमा धरौटीमा राखी सो धरौटी रकम सो कार्यालयले राजश्वमा जम्मा गर्ने निर्णय गरिसकेको अवस्थामा परमादेशको माध्यमबाट त्यस्तो निर्णय बदर हुन नसक्ने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६-CR-०४०२, २०६२-CR-०२७९, डाँका तथा ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. सुरेशप्रसाद यादव समेत, सुरेशप्रसाद यादव वि. नेपाल सरकार*

अनिलकुमारलाई प्रतिवादीहरूले नियन्त्रणमा लिएको देखिन्छ । सो बखत ज्यानै लिने नियत राखेको भए नसक्ने अवस्था देखिन्न । डाँकाको वारदात सम्पन्न गर्दा धेरै समय लागेको र सो समयमा लछारपछार समेत भएको भन्ने देखिँदा हतियारसहित उपस्थित भएका प्रतिवादीहरूले लछारपछार हुँदा समेत गोली प्रहार गरी मार्न नसक्ने अवस्था देखिन्न । लछारपछारको क्रममा अनिलकुमारले जोखिम मल्दै पेस्तोल ताक्ने पेस्तोलवालाको हात समाउँदा एक फायर गोली पड्केको, त्यसपछि अनिलकुमारले प्रतिवादी समिमलाई समातेको र आफ्नो घरभित्रको बाटोबाट भाग्दै गर्दा प्रतिवादी सुरेशबाट विनयकुमारले पेस्तोल खोसेको, गोली चलेको थाहा पाए पनि गोली लागेको कुरा मलाई तत्काल थाहा भएन, सम्भवतः पड्किएको गोली छातिमा लागेपछि पुनः फर्किएर मलाई लागेको हुनुपर्दछ भनी पीडित अनिलकुमार वर्णवालले गरेको घटना विवरण कागजमा उल्लेख भएको देखिँदा गोली निजलाई नै लक्षित गरी प्रहार भएको भन्ने कुरा पुष्टि भएको देखिन आउँदैन । यस्तो डाँकाको वारदात सम्पन्न गर्ने मूल उद्देश्यले गरेको अन्य आनुसांगिक कार्यमा प्रतिवादीहरूलाई ज्यान मार्ने उद्योगतर्फ दोषी ठहर गर्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल साउन २४ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको CR-०५९६, भविष्यमा सरकारी जिम्मेवारीको पद नदिन लेखी पठाउने, *अख्तियार दुरूपयोग अनुसन्धान आयोग वि. श्यामकुमार महतो*

अख्तियार दुरूपयोग अनुसन्धानको आयोगको स्थापना सार्वजनिक पदाधिकारीबाट अख्तियारको दुरूपयोग हुन नदिई सुशासन कायम गर्ने पुनीत उद्देश्यले भएको पाइन्छ । विश्वका अन्य मुलुकहरूमा समेत त्यस्तै उद्देश्यले यस्ता आयोगको

स्थापना गर्ने गरिएको पाइन्छ । यस्तो पवित्र उद्देश्यका साथ स्थापना भएको आयोग स्वयंले नै आफूलाई प्राप्त अधिकारभन्दा बढी अधिकार प्रयोग गर्दछ वा आफैले अख्तियारको दुरूपयोग गर्दछ होला भनी अनुमान गर्न सकिँदैन, न त अत्यन्त पूर्वाग्रही भै निर्णय गर्दछ भन्ने कुरा कल्पना गर्न सकिन्छ । कुनै पनि निकायको स्थापना जुन उद्देश्यले हुने गर्दछ सोको कार्य समेत सोही उद्देश्य सफल पार्ने दिशामा अग्रसर हुनुपर्ने ।

ऐन कानूनमा कतै पनि उपयोगमा नरहेको सजाय किटान गर्न वा निवारण गर्न पाउने भन्ने अर्थ गर्न मिल्ने हुँदैन । सार्वजनिक जिम्मेवारीको पद नदिनु भनेको भविष्यमा असर पर्ने गरी ठूलो कसूरको परिणामस्वरूप सिर्जना हुने अयोग्यता हो । प्रतिवादीउपर कुनै खास कसूर स्थापित गर्न नसक्ने तर परिणाम भने ठूलो सिर्जना गर्न खोज्नु आयोगको उद्देश्य एवं न्यायको सिद्धान्तविपरीत हुने ।

इजलास अधिकृतः रमेश ज्ञवाली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल असोज ३ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको ०६६-WO-००६९, उत्प्रेषण समेत, *रामानन्द राउत वरै वि. मध्यक्षेत्र प्रहरी कार्यालय हेटौंडा समेत*

रिट निवेदकलाई सफाइ पेश गर्ने मौका नै प्रदान नगरी प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने गरी सेवाबाट बर्खास्त गर्ने गरी विपक्षी मध्यक्षेत्र प्रहरी कार्यालय हेटौंडाबाट भएको मिति २०६५।३१।३ को निर्णय र सो निर्णयका आधारमा भएका सम्पूर्ण पत्राचारलगायतका कामकारवाही कानूनसँगत नहुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदक रामानन्द राउत वरैलाई पूर्ववत् साविक पदमा सेवामा पुनर्वहाली गर्नु र निजको सो अवधिको कानूनबमोजिम प्राप्त गर्ने तलव भत्ता तथा अन्य सुविधा समेत उपलब्ध गराउनु भनी विपक्षीका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल पुस १२ गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको WO-०२८८, उत्प्रेषण समेत, *बद्री ठाकुर समेत वि. पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा समेत*

सार्वजनिक सरोकारको विवाद भनी जिकीर लिँदैमा सबै विवादहरू सार्वजनिक सरोकारको हुन सक्दैन । विवादित विषयवस्तु, त्यसले समाजमा पार्ने असर र निवेदक एवं विवादका बीचमा रहेको सार्थक सम्बन्ध जस्ता कारणले कुनै विवाद सार्वजनिक सरोकारको विषयवस्तु हो वा होइन भनी छुट्ट्याउनु पर्ने हुन्छ । प्रस्तुत विवादमा सार्वजनिक सरोकारको विवादमा हुनुपर्ने गुणहरू विद्यमान रहेको नपाइँदा निवेदकहरूको कथनको भरमा शिक्षक सरूवाको शुद्ध विद्यालय प्रशासनसँग सम्बन्धित विषयहरूलाई सार्वजनिक सरोकारको विवाद मान्न नमिल्ने ।

इजलास अधिकृतः रमेश ज्ञवाली

इति संवत् २०६७ साल फागुन ५ गते रोज ५ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६५ सालको WO-५०९, *सामती लिम्बू समेत वि. मालपोत कार्यालय, इनरूवा समेत*

निवेदकहरूका नाउँमा कायम रहेको जग्गाको तिरो निवेदकहरूले तिरे बुझाई रहेको अवस्था देखिएको एवं दावीका जग्गाको मुआब्जा समेत यी निवेदकहरूले प्राप्त गरेको भन्ने ठोसयुक्त आधार समेत विपक्षीहरूबाट प्रस्तुत हुन नसकेको एवं निवेदकहरू समेतका जग्गा रोक्का राख्ने गरी भएको जिल्ला विकास समिति सुनसरीको मिति २०५८।३।१७ मूल पत्र नै बदर भै सकेको देखिँदा मूल पत्र नै बदर भएपछि निवदकहरूको हकमा बाँकी रहेको मान्न मिल्ने भएन । अतः निवेदकहरूको जग्गा रोक्का समेत राख्ने गरी भएको २०५८।३।१७ को पत्रबाट भएका सम्पूर्ण कामकारवाही समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकहरूको मागबमोजिम रोक्का रहेका जग्गा फुकुवा गरी दिनु भनी विपक्षी मालपोत कार्यालय सुनसरीमा नाउँमा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः रमेश ज्ञवाली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल चैत १७ गते रोज ५ शुभम् ।

**इजलास नं. ७**

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६ सालको दे.पु.नं. ०१२१, मोही हक नामसारी, *अचलराम सरदार वि. कृष्णकुमारी देवी बस्नेत*

साविक मोही आसो सरदारका नामबाट निजका छोरा यी पुनरावेदक वादी अचलराम सरदारका नाममा मोही नामसारी गरिदिनु पर्ने ।

इजलास अधिकृत: चुरामन खड्का
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०६७ साल माघ २८ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको दे.पु.नं. ०९७०, निषेधाज्ञा मिश्रित परमादेश, *विन्देश्वरी साफी वि. जिल्ला शिक्षा कार्यालय, सप्तरी समेत*

विद्यालयका साविकका नि. प्रधानाध्यापक भनिएका चन्देश्वरप्रसाद यादवको मृत्यु भई सकेकोले उक्त विद्यालयको प्रधानाध्यापकको विवाद नै समाप्त भई सकेको देखिएबाट प्रस्तुत मुद्दाको प्रयोजन नै समाप्त भइसकेको देखिन्छ । यस्तो परिवर्तित अवस्थामा निवेदन खारेज हुने ।

इजलास अधिकृत: फणिन्द्र पराजुली
कम्प्युटर: रानु पौडेल
इति संवत् २०६७ साल माघ ६ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६६ सालको CI-०४४४, २०६६ सालको FN-०१६३, निषेधाज्ञा, *चन्देश्वरप्रसाद यादव वि. जिल्ला वन कार्यालय सप्तरी समेत*

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६३ सालको WO-०२९१, उत्प्रेषण समेत, *सनद थापा समेत वि. रूकमाया थापा समेत*

प्रस्तुत जग्गाकै सम्बन्धमा जिल्ला अदालतमा विभिन्न मुद्दाहरू परी विचाराधीन रहेका छन् । ती मुद्दाहरू हाल मुल्तवीमा रहेको भन्ने निवेदन व्यहोराबाट समेत देखिन्छ । यसरी निवेदकहरूले प्राप्त गर्न खोजेको कानूनी उपचारकै लागि नियमित कानूनी प्रक्रियाअन्तर्गत वैकल्पिक कानूनी उपचारको बाटो अवलम्बन गरी नै सकेको अवस्थामा जिल्ला अदालतमा विचाराधीन रहेका ती मुद्दाहरूको फैसला हुनु अघि नै प्रस्तुत रिट निवेदन दिएको देखिन्छ । तर वैकल्पिक कानूनी प्रक्रिया उपलब्ध रहेको र सो प्रक्रियाअन्तर्गत उपचारको लागि प्रवेश गरी सकेपछि यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत रिट निवेदन दिन मिल्ने देखिएन । यस अदालतले पनि यस्तो स्थितिमा रिट जारी गर्न नमिल्ने ।

इजलास अधिकृत: फणिन्द्रप्रसाद पराजुली
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०६७ साल पुस ५ गते रोज २ शुभम् ।
यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६३ सालको WO-०२९०, उत्प्रेषण, *सनद थापा समेत वि. रूकमाया थापा समेत*
- २०६३ सालको WO-०२९२, उत्प्रेषण, *सनद थापा समेत वि. रूकमाया थापा समेत*

**इजलास नं. ९**

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६६ सालको WO-०१७८, उत्प्रेषण, परमादेश, *ओपेन्द्रबहादुर बुढाथोकी वि. नरेन्द्रजंग शाह समेत*

मिति २०६४।१०।७ को फैसला कार्यान्वयन गर्ने कार्यलाई मिति २०६१।२।२६ को आपसी सहमतिको लिखतले बदर वातिल गर्न नसक्ने गरी कानूनी संरक्षण दिएको र कानूनबमोजिम स्थापित अदालतले कानूनले तोकेको प्रक्रियाअनुसार गरेको निर्णयलाई गैरकानूनी भन्न समेत मिल्ने देखिन आउँदैन । यस्तो अवस्थामा अदालतको अन्तिम फैसला कार्यान्वयन नगर्नु भनी आदेश गर्ने अधिकार कानूनतः यस अदालत समेतलाई नहुने ।

इजलास अधिकृत: कमलमणि गौतम
इति संवत् २०६७ साल चैत १० गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६६ सालको CI-००५८, निषेधाज्ञा, *ओपेन्द्रबहादुर बुढाथोकी वि. नरेन्द्रजंग शाह समेत*

कानूनले तोकेको प्रक्रिया र बाटो अवलम्बन नगरी घरसारमा भएको लिखतलाई आधार मानी अदालतको अन्तिम फैसला कार्यान्वयन हुनबाट रोक्न कानूनतः नमिल्ने र आपसी सहमतिबाट भएका कुरामा आधारहीन तथ्यभित्र पसी आत्मनिष्ठ व्याख्या र विश्लेषण गर्न पनि न्यायोचित नहुने हुँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

इति संवत् २०६७ साल चैत १० गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६५ सालको CI-०४०१, निषेधाज्ञायुक्त परमादेश, *उदयराज सापकोटा वि. नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड*

विपक्षी कम्पनी र निवेदक बैंकबीचमा भएको मिति ९-१२-१९९९ को हाइपोथिकेशन सम्झौताबाट विपक्षी कम्पनीको सम्पूर्ण सम्पत्ति धितो सुरक्षित रहिरहेको मान्नुपर्ने र एकमात्र मेशीन लिलाम बिक्री भए पनि अन्य १६ प्रकारका सामानहरू कम्पनी इन लिक्वीडेटरको जिम्मामा रही रहेको अवस्थामा एउटा मात्र सामान लिलाम भएकै आधारमा मागबमोजिमको आदेश जारी हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

इति संवत् २०६७ साल चैत १० गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल**, २०६५ सालको CR-०५८५, खोटा चलन, *ध्रुवबहादुर खड्का वि. नेपाल सरकार*

पुनरावेदक प्रधानपञ्च जस्तो पदमा निर्वाचित भई काम गरेको व्यक्तिलाई मौकामा बयान कागज गर्दा जोरजुलुम गरी पढी बाँची नसुनाई सही गराए होलान् भनी अनुमान गर्न पनि विश्वासप्रद हुन आउँदैन र मौकैमा सो कुराको जिकीर लिई निवेदन दिन सकेको मिसिल संलग्न कागजातबाट पनि देखिँदैन । अर्कोतर्फ सह-अभियुक्त प्रेम र भीमसेनले आफूहरूलाई समेत फौजदारी कारवाही र सजाय हुने गरी अदालत समेतमा आई यी पुनरावेदकलाई नक्कली नोटको कारोवारमा पोल गरेको र त्यस्तो पोललाई प्रमाण ऐन, २०३१ को दफा ७(ग) मा कुनै घटना मानिसहरूका आचरण वा कामकारोवारको सामान्य क्रम विचार गर्दा तर्कसंगतरूपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्नेछ भनी रहेको प्रचलित कानूनी व्यवस्थाअनुसार सह-अभियुक्तहरूको अदालतको पोललाई प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखिने ।

इजलास अधिकृतः कपिलमणि गौतम

इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६५ सालको CR-०४९७, लागू औषध ब्राउन सुगर, *नेपाल सरकार वि. लालुमाया मगर गुरूङ्ग)*

प्रतिवादीले अदालतमा बयान गर्दा आफूले लागू औषध सेवन गर्ने गरेको, बेच बिखनका लागि सञ्चय गरेको नभै आफ्नो सेवनका लागि राखेको सम्म हो मौकाको बयानको सही मेरो भए तापनि व्यहोरा मैले भनेअनुसार होइन, रामबहादुर भन्ने व्यक्तिलाई मैले चिन्दिन भनी लेखाएको पाइन्छ । जुन कुरा मौकाको बरामदी मुचुल्कामा बसी अदालतमा आई बकपत्र गर्ने वादीको साक्षी मनमाया तामाङ्गले प्रतिवादी लागू औषध आफैं खाने मान्छे हुन् निजले २।३ वर्ष अगाडिदेखि लागू औषध ब्राउन सुगर खाँदै आएकी हुन् । सञ्चय कति दिनसम्मको खानको लागि राखिएको हो त्यसमा भर पर्छ, मौकामा भएको बरामदी मुचुल्कामा नपढी सहीमात्र गरेकी हुन् भनी तथ्यपरक रूपले लेखाएको पाइन्छ । त्यसैगरी प्रतिवादीका साक्षी सुनिता वि.क. र शान्ति ठकुरीले अदालतमा गरेको बकपत्र र प्रतिवादीको अदालतको बयान बरामदी मुचुल्काकी मनमाया तामाङ्गको बकपत्र व्यहोरासँग एकआपसमा मिलेको देखिन आउँछ । उक्त कुराहरूलाई प्रतिवादीको शैक्षिक सामाजिक पृष्ठभूमिसँग विचार गरी हेर्दा अन्यथा रहेछ भनी अनुमान गर्न नमिल्ने ।

इजलास अधिकृतः कपिलमणि गौतम

इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६७ सालको रिट नं. WO-०६३४, उत्प्रेषण परमादेश, *धनकुमारी थापा समेत वि. सुकुम थापा समेत*

सबै अंशियारलाई झिकाउनु पर्ने कानूनी व्यवस्थाबमोजिम सम्पूर्ण वादी प्रतिवादीहरूलाई कानूनबमोजिमको सूचना म्याद जारी गरी झिकाई

बुझी पुनः बण्डा छुट्याउने कार्य गर्नु भनी विपक्षी मध्येको रूपन्देही जिल्ला अदालतको नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

इति संवत् २०६७ साल फागुन ९ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४ सालको CI-०३५०, घरबाट निकाला गरी चलन चलाई पाऊँ, *अरूणादेवी गुरूङ्ग वि. न्हुच्छे महर्जन*

दावीको जग्गामा प्रतिवादीको हक २०२९ सालमा नै टुटी सकेको एवं प्रतिवादीले जग्गा राजीनामा गरी दिँदा सो जग्गामा घर भएको र निजले घरबाहेकको जग्गा मात्र राजीनामा गरी दिएको नदेखिनुको साथसाथै सोपश्चात् प्रतिवादीले जग्गाधनीको अनुमति लिई उक्त जग्गामा घर बनाई बसेको भन्ने समेत कुनै प्रमाण नभएको अवस्था समेतको वादीको जग्गामा भएको घरमा प्रतिवादीको हक कायम हुन सक्ने कुनै कानूनी आधार नदेखिनाले वादीको दावीबमोजिम कि.नं. १५४ को सम्पूर्ण कित्तामा रहेको मिति २०६०।१२।१० को नक्सा मुचुल्काका उल्लिखित न.नं. ६, ७, ८ र ९ को घरहरू वादी प्रतिवादीबाट खाली गराई वादीबमोजिम चलन समेत चलाई पाउने ।

इजलास अधिकृतः कपिलमणि गौतम

इति संवत् २०६७ साल फागुन १० गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६७ सालको CR-०७४९, कर्तव्य ज्यान, *गोपाल विश्वकर्मा वि. नेपाल सरकार*

घटनाको अघिल्लो दिन श्रीमतीसँग भएको रीसबाट मनसाय बनाई सोको अर्को दिन कडा खालको घुँगुरूको लाठी लिई मृतक बस्ने गरेको घरमा गई एक पटक मात्र प्रहार नगरी लामो समयसम्म प्रहार गरेको र वारदात हुँदाका अवस्थामा हस्तक्षेप गर्न खोज्ने छोरा खड्गबहादुर विश्वकर्मालाई रोकेको तथा मृतक भाग्न उम्कन खोज्दा पनि नदिएको कुरा घटनास्थल विवरणले पुष्टि गरिरहेको अवस्था विद्यमान देखिँदा यस्तो ज्यानसम्बनधीको ५ नं. आकर्षित हुन नसक्ने भै मुलुकी ऐन ज्यानसम्बन्धीको १४ नं. बमोजिम १० वर्ष कैद हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

इति संवत् २०६७ साल फागुन ९ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको CR-०७६८, कर्तव्य ज्यान, *बीरबहादुर जि.सी. वि. नेपाल सरकार*

घटना हुँदा हस्तक्षेप गर्न खोज्ने बाबुलाई खम्बामा बाँधी रोकी फर्की गै घाँटी जस्तो संवेदनशील अंग च्यापी कर्तव्य गरेको तथ्यबाट निज प्रतिवादीले तत्काल उठेको रिसले मात्र नभई पहिलेदेखि नै मृतक आमासँग हुने सामान्य झगडाको विषयबाट मनसाय बनाई मृतक पृतमायालाई घाँटी च्यापी कर्तव्य गरी हत्या गरेको पुष्टि भएको देखिन आयो । यस्तो क्रूरतापूर्ण हत्यामा तत्कालै उठेको रिसले साधारण लाठा, ढुंगाले केही गर्दा ज्यान मर्न गएको भनी उक्त ज्यानसम्बन्धीको १४ नं. द्वारा परिभाषित कानूनी व्यवस्था आकर्षित हुन्छ भन्न कानून र न्यायको रोहमा मिल्ने देखिँदैन । अर्कोतर्फ घाँटी च्यापी कर्तव्य भएको कुरामा ज्यानसम्बन्धी १४ नं. मौन रहेको पाइँदा उक्त १४ नं. को दफामा नपरेको कुरामा व्याख्या गरी सो दफाअन्तर्गत कम सजाय गर्न आफ्नो जन्म दिने आमाको हत्या गरी भएको अपराधलाई स्वीकार गर्न न्यायोचित नहुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

इति संवत् २०६७ साल फागुन ११ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको WO-०२९०, उत्प्रेषण, परमादेश, *विश्वनाथ शाह व्याहुत सुडी समेत वि. श्रीमती रामपरीदेवी समेत*

जिल्ला अदालत नियमावली, २०५२ मा २०५९ सालमा मात्र नियम ७८क थप भएको र निवेदनसँग सम्बन्धित दर्ता बदर दर्ता मुद्दाको अन्तिम फैसला मिति २०५१।१०।२५ मा भएबाट विवाद सिर्जना हुँदाको अवस्थामा प्रचलनमा नरहेको नियमावलीको उक्त व्यवस्थाले विपक्षीहरूलाई मद्दत गर्न सक्छ भन्न मिल्दैन । वास्तविकतामा जिल्ला अदालत नियमावली कार्यविधि सम्बन्धी कानून भएको र कार्यविधि कानून लागू भएको मितिदेखि मात्र प्रचलनमा आउने भन्ने विधिशास्त्रीय अवधारणा रहेको पाइन्छ । यस्तो कानूनले पहिले भए गरेका विषयलाई Retrospective Effect अर्थात् पश्चादर्शी असर दिन सक्दैन । अर्कोतर्फ उक्त नियमावलीमा २०५९ सालमा संशोधन भई थप भएको ७८क नं. को कानूनी

व्यवस्था फैसला कार्यान्वयन चलिरहेको अवस्थामा भएको राजीनामा हक हस्तान्तरणमा लागू हुने हो । प्रस्तुत विवादमा विपक्षीहरू २०६२ सालमा मात्र २०५१।१०।२५ को अन्तिम फैसला कार्यान्वयन गर्न अदालतमा प्रवेश गरेका तर फैसलाले हक कायम भएको सम्पत्ति मिति २०५२।५।२३ र २०५३।११।२२ मा गरी दुई तहमा हकहस्तान्तरित भै गएबाट फैसला कार्यान्वयनकै क्रममा हक हस्तान्तरण भएको रहेछ भन्न नमिल्ने हुँदा धनुषा जिल्ला अदालतको मिति २०६३।९।२० को आदेश बदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०६३।११।१७ को आदेश त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।.

इजलास अधिकृतः कपिलमणि गौतम

इति संवत् २०६७ साल फागुन १२ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६३ सालको दे.पु.नं. १२१०, अंश, *दुर्गाप्रसाद घिमिरे वि. हरिप्रसाद घिमिरे समेत*

अंश जस्तो नैसर्गिक अधिकारबाट विमुख गराउँदा वस्तुनिष्ठ आधार प्रमाणबाट पुष्टि हुनुपर्दछ केवल प्रतिवादी र निजका साक्षीको कथनलाई अकाट्य प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन । यसमा हरिप्रसाद छुट्टि भिन्न भएको भन्ने वस्तुनिष्ठ आधार वा अकाट्य प्रमाण निजबाट पेश हुन सकेको पाइँदैन । यस्तो स्तितिमा प्रतिवादी हरिप्रसाद छुट्टिई अलग भएको भन्न मिलेन । तसर्थ अंशियारा भन्नेमा विवाद नभएको प्रमाणित भई वादी प्रतिवादीहरू एकासगोलमा रहेको अवस्थामा कुनै अंशियारले आफ्नो नाममा खरीद गरेको सम्पत्ति सगोलकै सम्पत्तिबाट आर्जन गरेको सम्पत्तिबाट खरीद गरेको अनुमान गर्नुपर्ने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

इति संवत् २०६७ साल फागुन २ गते रोज २ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री अवधेशकुमार यादव, मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं. ७७३, घर उठाई जग्गा खाली गरी चलन चलाई, *पुष्पा भट्ट वि. पवित्रबहादुर चन्द समेत*

रीतपूर्वक भई आएका नक्सा मुचुल्काबाट जग्गाको क्षेत्रफल पुगिरहेकोमा त्यसलाई अन्यथा खण्डन हुन सक्ने ठोस सबूद प्रमाण गुजारी आफ्नो जिकीर पुनरावेदकले खम्बीर गर्न सकेको देखिँदैन । केवल जग्गा खिचोला भयो भन्ने कुराको जिकीर लिएर मात्र हुँदैन, त्यस्तो जिकीर सम्बद्ध पक्षले ठोस सबूद प्रमाणबाट पुष्टि गर्न सक्नुपर्ने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल फागुन २५ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री अवधेशकुमार यादव, मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं. २४६ लिलाम दर्ता बदर, *रामबालकप्रसाद चौरसिया वि. बशिष्ठप्रसाद वरै*

कानूनी दृष्टिकोणले सगोलमा रहेको देखिए पनि व्यवहारले अलग-अलग स्थानमा रहे बसेको अंशियारले पनि लिए खाएको भोग गरेको भनी निजले पनि दायित्व बहन गर्नुपर्ने भनी मान्न न्यायपूर्ण हुन सक्दैन । यस्तो अवस्थामा अलग-अलग रहे पनि ऋणको भाग भोग गरेको भनी वस्तुनिष्ठ र ठोस प्रमाणबाट पुष्टि हुनु पर्दछ । ठोस सबूद प्रमाणबाट ऋणको हिस्सा यी विपक्षी वादीहरूका पेटमा परेको भन्ने नदेखिए पछि निजहरूको समेत अंश भागको जग्गा बिगो मुद्दाबाट लिलाम भएकोलाई कानूनले सदर मान्न नसकिने अवस्था हुँदा मुलुकी ऐन, जग्गा पजनीको १७ नं. र लेनदेन व्यवहारको ४० नं. अनुशरण गरी परेको फिराद समेतलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल फागुन २५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको रिट नं. १३१०, परमादेश, *दीपक भट्टराई समेत प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

ऐनले प्रदान गरेको अधिकारहरू मध्ये कुनै एउटा अधिकार तथा सुविधाको लागि लेखी पठाउनु वा प्रतिवद्धता जाहेर गर्नु मात्र पर्याप्त हुँदैन । लक्षित वर्गले अधिकार तथा सुविधाको उपयोग गर्न नपाएसम्म कागजमा पत्राचार गरेर वा गरिनेछ भन्ने प्रतिवद्धता निरर्थक हुने ।

शिक्षामा छात्रवृत्ति र श्रममूलक तालीम कार्यक्रमले मात्र अन्धा अपाङ्गहरूलाई सम्बोधन गर्न सकेको छैन भने सो कार्यक्रमले के कति अपाङ्गहरूलाई के कार्यक्रम सञ्चालन गरेको छ भन्ने समेत देखिएको छैन । २०६० सालमा जारी गरिएको नीतिका कारणबाट समेत यस दिशामा सरकारले केही गर्दै नगरेको सम्झन नमिले तापनि अपाङ्गमध्येका दृष्टिविहीनहरूका लागि उनीहरूको शारीरिक अवस्थाअनुरूप केही विशेष व्यवस्था वाञ्छनीय छन् । समग्र अपाङ्गहरूलाई सुविधाका समान व्यवस्थाले यस वर्गका संविधानप्रदत्त सुविधा र सहुयितलाई सम्बोधन नगर्न सक्दछ । यस पक्षमा पनि सरकारको ध्यान केन्द्रित हुन आवश्यक देखिने ।

देशभरिका दृष्टिविहीन अपाङ्गहरूको छुट्टै लगत लिई खाद्य, आवास, स्वास्थ्य शैक्षिक प्रतिष्ठान, सुरक्षा ब्रेललिपिमा पाठ्यपुस्तक, सीपमूलक तालीम, सूचना तथा सञ्चारसहितका एकीकृत सामाजिक सुरक्षाको प्याकेजसहितका नीति निर्माणको अतिरिक्त दृष्टिविहीन संरक्षण केन्द्रको पूर्वाधार विकास गरी दृष्टिविहीन अपाङ्गहरूका लागि कल्याणकारी व्यवस्था कार्यान्वयन गर्न आवश्यक पहल गर्नु गराउनु र अपाङ्गहरूका लागि कल्याणकारी व्यवस्था कार्यान्वयन गर्न आवश्यक पहल गर्नु गराउनु पर्ने ।

इजलास अधिकृतः अम्बिका निरौला

इति संवत् २०६७ साल माघ १७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको CI-०५८९, CI-०५९०, अंश दपोट हक कायम, *सन्तकुमारी राना समेत वि. भक्तकुमारी राना मगर, भक्तकुमारी राना मगर वि. सन्तकुमारी राना समेत*

सबै अंशियार मानो नछुट्टिई सँगै रहे बसेको समयदेखि नै भोगमा रहेको, अंशियारमध्येकै सन्तकुमारीका नाममा दर्ता प्रक्रिया अगाडि बढेको र निजकै नाममा दर्ता भएको भै सबै अंशियारको भोगको सम्पत्ति भएको देखिन आएकोले अंशबण्डाको १८ नं. मा भएको कानूनी व्यवस्थाबमोजिम सन्तकुमारीको एक्लो प्रयास, ज्ञान वा सीपबाट उक्त जग्गा आर्जन गरेको निजी आर्जन मान्न नसकिने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

इति संवत् २०६७ साल फागुन ४ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६ सालको CI-०५९१, CI-०५९२, बकसपत्र बदर लिखत दर्ता बदर दर्ता, *सन्तकुमारी राना समेत वि. भक्तकुमारी राना मगर, भक्तकुमारी राना मगर वि. सन्तकुमारी राना समेत*
- २०६६ सालको CI-०५९३, CI-०५९४, बकसपत्र बदर लिखत दर्ता बदर दर्ता,, *सन्तकुमारी राना समेत वि. भक्तकुमारी राना मगर, भक्तकुमारी राना मगर वि. सन्तकुमारी राना समेत*

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-०४२५, उत्प्रेषण परमादेश, *गोपालबहादुर थापा वि. नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय समेत*

मिति २०४६।११।१३ मा अवकाश लिँदा बहाल रहेको नेपाल बैंक लिमिटेड कर्मचारी नियमावली, २०३१ को नियम ५.३.१ मा आजीवन मासिक निवृत्तिभरण र ५.३.२ मा आजीवन निवृत्तिभरणको सट्टा अग्रीमरूपमा ६ वर्षको एकमुष्ट मासिक निवृत्तिभरण व्यवस्थामध्ये नियम ५.३.२ बमोजिमको व्यवस्था स्वीकार गरी एकमुष्ट अग्रीम निवृत्तिभरण लिएको देखिँदा नियम ५.३.१ बमोजिमको माग गरेको सुविधा उक्त नियम ५.३.२ विपरीत भएको र आफ्नो सेवाभन्दा फरक सेवा निजामती सेवा ऐन, २०४९ को दफा ३७(३) बमोजिमको सुविधा समेत माग गरेको साथै निवेदकले बिलम्ब गरी निवेदन दायर गरेको अवस्था हुँदा प्रस्तुत रिट निवेदनको कुनै औचित्य नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६७ साल फागुन ६ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-०४२६, उत्प्रेषण परमादेश, *बम्बबहादुर कार्की वि. नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय समेत*

संस्था सञ्चालनको लागि विशेष प्रकृतिको पृथक ऐन वाणिज्य बैंक ऐन, २०३१ लागू रहेको अवस्थामा सो ऐनअन्तर्गत आवद्ध संस्थामा कार्यरत् कर्मचारी सेवासम्बन्धी नियमावलीलाई स्वीकार गरी त्यस्तो सेवामा प्रवेश गरेको कर्मचारीले नेपाल बैंक लिमिटेड कर्मचारी सेवासम्बन्धी नियमावली, २०४८

बमोजिम प्राप्त हुन सक्ने सुविधा मात्र माग गर्नुपर्नेमा आफ्नो हित प्रयोजनको लागि आकर्षित हुनै नसक्ने आफ्नो सेवा भन्दा भिन्न प्रकृतिको सेवासँग सम्बन्धित निजामती सेवाको सुविधाको माग गर्नु कानूनसम्मत नदेखिने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६७ साल फागुन ६ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६५-CR-०७१६, अख्तियारको दुरूपयोग गरी भ्रष्टाचार गरेको, *रामसकल साह वि. नेपाल सरकार*

एकपटक जारी भइसकेको प्रमाणपत्रको विवरण सच्याउनु परेमा सच्याउने कार्यविधिका सम्बन्धमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने नियमावली, २०३४ को नियम ९ ले स्पष्ट किटान गरिदिएको अवस्थामा सो कार्यविधि अवलम्बन नगरी सरकारी अभिलेखको रूपमा रहेका कागज आफूखुशी सच्याएको कार्यलाई असल नियतले गरेको होला भनी अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल फागुन १ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५-CR-०३४०, आदेश बदर गरिपाऊँ, *नेपाल सरकार वि. दण्डपाणि बराल*

अनुसन्धान गर्ने निकायले सजाय प्रस्ताव गर्न सक्छ तर यति नै सजाय गर्नु भनी सजाय गर्ने निकायलाई निर्देशात्मक आदेश दिन मिल्दैन । सजाय तथा बिगो असूल सम्बन्धमा प्रस्ताव गरी अख्तियारवालासमक्ष लेखी पठाउनु पर्नेमा गर्नुपर्ने सजाय तथा रकम किटान गरी निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाएको देखिँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६२।३।२७ मा गरेको निर्णय प्रतिवादी दण्डपाणि बरालको हकमा सम्म उक्त निर्णय बदर हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल फागुन ३ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-CR-०१५९, जबर्जस्ती करणी, *नेपाल सरकार वि. राकेश्वर प्रमानीराज धोवी*

वीर्य स्खलनसहित वा रहित योनीको बाह्य भागभित्र आंशिक लिङ्ग योनीमा प्रवेश नगरेको भन्ने आधारमा उद्योग ठहर गर्नु हुँदैन । लिङ्गले स्त्रीको योनीको बाह्य भाग छुनु मात्र पनि जबर्जस्ती करणीको अपराध हो । प्रस्तुत वारदातमा प्रतिवादीले बालिकालाई आफ्नो काखमा घोप्टो पारी सुताई दुई वर्षकी बालिका हुँदा योनीमा लिङ्ग प्रवेश गराई करणी गर्न असम्भव देखी योनीको बाहिरी भागमा घर्षण गरी वीर्य पतन गरी निजै बालिकाको कट्टुले वीर्य पुछेको भन्ने तथ्य स्थापित हुन आएको र प्रस्तुत वारदात जबर्जस्ती करणीको उद्योग नभई जबर्जस्ती करणीको कसूर हुँदा मागबमोजिम सजाय गर्नुपर्ने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल चैत २ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको दे.पु.नं. ०८३४, ०८४४, नामसारी दर्ता हक कायम समेत, *रत्नकाजी शाक्य समेत वि. पोष्टबहादुर श्रेष्ठ समेत,पुष्पलाल श्रेष्ठ समेत वि. पोष्टबहादुर श्रेष्ठ समेत*

प्रतिवादीहरू समेतले जग्गाधनी आफू भएको भनी हक बेहकमा निवेदन परिरहेको स्थितिमा जग्गाको स्वामित्वमै तेरो मेरो सम्बन्धमा विवाद परेको अवस्थामा त्यसतर्फ वादी र प्रतिवादी दुबै पक्षको फिरादपत्र, प्रतिउत्तरपत्र, सो साथ प्रस्तुत सबूद प्रमाण र मिसिल सामेल रहेको नक्सा समेतका सबूद प्रमाणको मूल्याङ्कन र विवेचना गरी हक बेहकमा ठहर गर्नुपर्ने देखिँदा यसमा अब जे जो बुझ्नु पर्ने हो बुझी हक बेहकमा निर्णय गर्न प्रस्तुत मुद्दा पुनः निर्णयार्थ शुरू ललितपुर जिल्ला अदालतमा पठाई दिने ।

इजलास अधिकृतः अम्बिका निरौला

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल फागुन १९ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६ सालको दे.पु.नं. ०८३३, नामसारी दर्ता हक कायम समेत, *रत्नकाजी शाक्य समेत वि.पहल श्रेष्ठ*
- २०६६ सालको दे.पु.नं. ०८४५, नामसारी दर्ता हक कायम समेत, *पुष्पलाल श्रेष्ठ समेत वि. पहल श्रेष्ठ*

## एकल इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ**, २०६७ सालको WO-०१९०, उत्प्रेषण समेत, *फणिन्द्रप्रकाश भट्टराई वि. श्री तमोर नदी नि.मा.वि. हाङदेवा गा.वि.स. ताप्लेजुङ्ग समेत*

सार्वजनिक सरोकार वा महत्वको विषयमा सचेत नागरिक वा अन्य जो सुकैले निवेदन दिन सक्ने देखिए तापनि निवेदकले विद्यालयमा भएको अनियमितताको कुरासँग जोडी मूलतः आफू समेत सदस्य रहेको सामाजिक लेखा परीक्षण समितिले पेश गरेको प्रतिवेदन कार्यान्वयन भएन भनी मुख्य जिकीर लिएको देखिँदा सो सम्बन्धमा निवेदन दिने विषयमा निवेदकको आफ्नो सरोकार निहीत रहेको तथ्य पहिला स्थापित गर्नुपर्ने हुन्छ । सचेत नागरिक वा स्थानीय अभिभावकले कुनै निकायमा भएको आर्थिक अनियमितताका बारेमा त्यस्तो आर्थिक अनियमितता जाँचबुझ गरी कारवाही गर्न सक्ने अधिकारी वा निकायमा निवेदन दिन सक्ने भए तापनि सोबमोजिम कारवाही चलाएको देखिएन । यस अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत दिने निवेदनमा निवेदकको हकदैया वा सरोकार स्थापित नगरी निवेदन दिन नमिल्ने ।

इजलास अधिकृतः रमेश ज्ञवाली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल भदौ २० गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ**, २०६७ सालको WO-०१९१, उत्प्रेषण समेत, *दिलीपकुमार लामा वि. द्वारिकाप्रसाद यादव समेत*

कुनै अधिकारीले अनियमित वा कानूनविपरीत तवरले शिक्षकको सरूवा गरेको भएमा सो बदर गराई पाउनको लागि तोकिएको अधिकारी वा निकाय वा अख्तियारवालासमक्ष उजूर गर्न कानूनले रोक लगाएको पाइदैन । निवेदकले सोबमोजिम उजूरी गरेको कुरा खुलाउन सकेको समेत देखिँदैन । वैकल्पिक उपचारको मार्ग विद्यमान रहेको अवस्थामा सो मार्ग अवलम्बन गरी त्यसबाट उपचार प्राप्त नभएमा मात्र यस अदालतले असाधारण अधिकारक्षेत्रअन्तर्गतको उपचारको खोजी गर्नुपर्ने ।

इजलास अधिकृतः रमेश ज्ञवाली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल भदौ २० गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६७-WH-००६९, बन्दीप्रत्यक्षीकरण, *जनक त्रिवेदी वि. बोधन्द्र भण्डारी समेत*

आमाको संरक्षकत्वलाई बन्दी भन्न नमिल्नुको साथै निवेदनमा गैरकानूनी थुनामा राखेको भनी उल्लेख गर्न नसकेबाट यी निवेदकको कुनै संविधानप्रदत्त हकमा प्रतिकूल असर पर्न गएको स्थिति समेत देखिएन । निवेदकको छोरा बन्दी अवस्थामा भएको वा निजलाई कसैको थुनाबाट मुक्त गर्नुपर्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदनमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु पर्ने उपयुक्तता नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफ समेत मगाई रहन परेन, रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६८ साल बैशाख ६ गते रोज ३ शुभम् ।

१

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको रिट निवेदन नं. ०८५०, उत्प्रेषण समेत, *शिवचरण प्रसाद चौधरी वि. घनश्याम चौधरी समेत*

निवेदकसँगको अंश मुद्दाबाट प्राप्त भएको जग्गा यी निवेदकले नै चलन गर्न नदिई हटक गरेको भन्ने आधारमा दिएको निवेदनलाई ग्रहण नगरी यो वा त्यो बहानामा अंश भाग नै भोगचलन व्यवहार गर्न नदिने जस्तो अप्रत्यक्ष परिणाम निस्कने गरी लिएको निवेदकको जिकीर मनासिब मान्न सकिँदैन । साथै विपक्षीले यी निवेदकको भाग स्वामित्वको जग्गाको चलन माग दावी लिई विवाद सिर्जना गर्न खोजेको नदेखिई केवल निजबाट अंश मुद्दामा प्राप्त भएको जग्गासम्म चलन माग्न आएबाट चलन चलाई दिने गरेको कार्यले यी निवेदकको हकमा अन्यथा असर पर्न सक्ने अवस्था पनि नरहने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल फागुन २७ गते रोज ५ शुभम् ।

**अदालत गतिविधि**

## नवनियुक्त सम्माननीय प्रधानन्यायाधीश श्री खिलराज रेग्मीद्वारा शपथ ग्रहण

नवनियुक्त सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीले २०६८ वैशाख २३ गते सम्माननीय राष्ट्रपति डा.रामवरण यादवसमक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो । नवनियुक्त सम्माननीयले सोही दिन पद वहाली समेत गर्नुभयो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०३ को उपधारा १ मा राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिशमा सर्वोच्च अदालतको वरिष्ठतम् न्यायाधीशलाई प्रधान न्यायाधीशमा नियुक्ति गर्ने प्रावधान रहेको छ ।

## सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूले मिति २०६८।१।२२ मा सेवा निवृत्त भई विदा हुंदा पत्रकारहरू समक्ष राख्नु भएको मन्तव्य

सर्वप्रथम, नववर्ष २०६८ को अवसरमा सम्पूर्ण पत्रकार मित्रहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

प्रधान न्यायाधीशको पदबाट निवृत्त हुन लागेको यस क्षणमा तपाईंहरूसँग केही भावनाहरू साट्ने अवसर पाएकोमा खुशी लागेको छ । मैले राष्ट्रसेवकको रुपमा ३९ वर्ष ९ महिना २५ दिन जति सेवा गरें भने न्यायाधीशको रुपमा ३५ वर्ष ७ महिना सेवा गर्ने अवसर प्राप्त भयो । यसमध्ये सर्वोच्च अदालतको न्यायाधीशको रुपमा ८ वर्ष ४ महिना र प्रधान न्यायाधीशको रुपमा १३ महिना मेरो कार्यकाल रह्यो ।

प्रधान न्यायाधीशको पद सम्हालेकै अवस्थामा प्रधान न्यायाधीश एकजना मात्रै इमानदार र प्रतिवद्ध रहने हो भने न्यायपालिकामा विद्यमान अधिकांश विकृति, विसंगति र कमजोरीहरू नियन्त्रण हुन सक्तछन् भन्ने मेरो धारणा तपाईहरू समक्ष राखेको थिएँ । मेरो त्यही मान्यताअनुसार मेरो कार्यकालभरि न्यायपालिकाको स्वतन्त्रताको रक्षा एवं न्यायिक विकृति विसंगति र कमजोरीहरू सुधार गरी न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि गर्ने उद्देश्यले सबै प्रयास केन्द्रीत गरें । खासगरी जब संविधान सभाको न्यायप्रणालीसम्बन्धी समितिले न्यायपालिकालाई व्यवस्थापिकाको मातहत राख्नु पर्छ भन्ने आशयको प्रतिवेदन पेश गऱ्यो, तब हामीले स्वतन्त्र न्यायपालिकाको अस्तित्वमाथि संकट आउनसक्ने अनुमान गर्न थाल्यौं । न्यायपालिकाको नेतृत्वमा रहेको प्रधान न्यायाधीशको हैसियतमा मैले यो विषम परिस्थितिमा पनि न्यायपालिकाको स्वतन्त्रताको पक्षमा जे जति प्रयासहरू गरें ती सबै प्रयासहरू पत्रकार जगतलाई अवगत भएकै कुरा हो ।

पछिल्लो समयमा संविधानसभाले निर्माण गर्ने भावी संविधानमा सर्वोच्च अदालतकै समानान्तरमा रहने गरी संवैधानिक अदालत स्थापना गर्ने र त्यसलाई संवैधानिक विवाद हेर्ने अधिकारक्षेत्र प्रदान गर्ने भन्ने सहमति भएको भन्ने कुरा प्रकाशमा आएको छ । यस विषयमा पनि मैले हरेक अवसरमा मेरो स्पष्ट दृष्टिकोण राख्दै आएको छु । वास्तवमा संवैधानिक अदालतसम्बन्धी अवधारणा आफैंमा दोषपूर्ण छ भन्ने मेरो भनाई होइन, तर हाम्रो सन्दर्भमा यसको औचित्य र आवश्यकता छ, छैन र यसको स्थापनाले हाम्रो संवैधानिक पद्धतिको विकास, नागरिक अधिकार र स्वतन्त्रताको संरक्षणमा के थप योगदान पुऱ्याउँदै र हाल सर्वोच्च अदालतले यस दिशामा खेलेको भूमिकामा के कमजोरी रह्यो भन्ने कुराको वस्तुपरक मूल्याङ्कन हुन जरुरी छ । हाम्रो आन्तरिक आवश्यकता र औचित्यको बारेमा पर्याप्त विमर्श नगरी संवैधानिक अदालतको स्थापना गर्नाले त्यसको प्रभावकारिताको विषय अनिश्चित हुने त

छँदैछ, त्यसमाथि सर्वोच्च अदालतको विद्यमान अधिकारक्षेत्रमा कटौति भई सर्वोच्च न्यायिक निकाय निरीह बन्न जाने निश्चित प्रायः छ। जनताका हक अधिकारको संरक्षकको रुपमा रहेको सर्वोच्च अदालतको मर्यादा घटाउने, अधिकार कटौती गर्ने वा अन्य कुनै तरहले न्यायिक दृष्टिकोणहरू विभाजित हुने अवस्था आउने परिस्थितिले अन्ततः लोकतन्त्रको सुदृढीकरणमा नै नकारात्मक असर पर्ने कुरा पनि निर्विवाद छ। स्वतन्त्र न्यायपालिका, प्रेस स्वतन्त्रता र नागरिक हक अधिकारको संरक्षणको विषयलाई नजरअन्दाज गर्ने प्रयासहरूले लोकतन्त्रको स्थायित्व हुन सक्तैन भन्ने मेरो स्पष्ट दृष्टिकोण रहेको छ। त्यसैले म यस विदाईको क्षणमा पनि संवैधानिक अदालतको नयाँ प्रयोगतर्फ भन्दा सर्वोच्च अदालतको अधिकारक्षेत्रलाई अझ सुदृढ बनाउँदै स्वतन्त्र न्यायपालिकाको विकास गरौं र लोकतन्त्र, विधिको शासन, प्रेस स्वतन्त्रता र नागरिक हक अधिकारको प्रत्याभूति हुने वातावरण सिर्जना गरौं भनी सबैसँग आग्रह गर्न चाहन्छु।

न्यायपालिकामा रणनीतिक योजना लागू भएपछि न्याय सम्पादनको कार्यमा हामीले महत्वपूर्ण सफलता प्राप्त गर्न सकेका छौं। मुद्दाको कारवाहीलाई छिटोछरितो रुपमा सम्पन्न गरी शीघ्र न्याय प्रदान गर्ने दिशामा विगत वर्षमा हामीले हासिल गरेको उपलब्धि निकै सकारात्मक रहेको छ। त्यस्तै न्यायिक क्षेत्रको काम कारवाहीलाई लिएर उठ्ने गरेका गुनासाहरूलाई संबोधन गर्दै विकृति र विसंगतिरहित न्यायपालिकाको विकासका लागि मैले आफ्नो कार्यकालमा चालेका कदमहरूले आम नागरिकमा न्यायपालिकाप्रति थप भरोसा जगाएको छु। यो तपाइँ हामी सबैले गर्व गर्ने विषय हो। न्यायिक शुद्धीकरणको मेरो अभियानमा सञ्चार जगत् र पत्रकार मित्रहरूले दिनु भएको साथ र पुऱ्याउनु भएको सहयोगका लागि म तपाइँहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

सेवामा रहँदा मैले न्यायपालिकाको स्वतन्त्रता र न्यायिक मर्यादा कायम राख्न जे जति भूमिका खेल्न सकें त्यसको निष्पक्ष मूल्याङ्कन पत्रकार जगत, नागरिक समाज एवं भावी पुस्ताले गर्ने नै छ। सेवा निवृत्त भएपछि मेरो जीवनको नयाँ अध्याय प्रारम्भ हुनेछ। मूलतः आध्यात्मिक मार्गको अनुशरण गर्दै सेवा निवृत्त जीवनलाई अझ सक्रिय राख्ने मेरो प्रयास रहनेछ। यसका साथै स्वतन्त्र न्यायपालिका र कानूनको शासनको पक्षमा मेरो निरन्तर आवाज उठिरहने विश्वास यहाँहरूलाई दिलाउँदै विदा हुन चाहन्छु। यस विदाईको अवसरमा मेरो साथमा रहेका कानूनका विभिन्न विधाका पुस्तकहरू, कानून पत्रिकाहरू एवं विषयगत नजीर संग्रह समेतका पुस्तकहरू संवैधानिक एवं न्यायिक पत्रकार मञ्चलाई हस्तान्तरण गर्न चाहन्छु।

धन्यवाद !

## सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूले मिति २०६८।१।२२ मा आफ्नो कार्यकालबाट निवृत्त हुँदा दिनु भएको मन्तव्य

आज म प्रधान न्यायाधीशको पदबाट निवृत्त हुन लागेको यो अन्तिम क्षणमा यहाँ उपस्थित माननीय न्यायाधीशज्यूहरू लगायत सबैले मप्रति देखाउनु भएको सद्भाव र स्नेहबाट ज्यादै खुशीको अनुभूति गरिरहेको छु। राष्ट्रसेवकको रुपमा करीव ४० वर्ष र न्यायाधीश कै रुपमा पनि करीव ३५ वर्ष ७ महिना सेवा गर्ने अवसर पाएँ। एउटा मान्छेको जीवनमा करीव चार दशकको सेवा अवधि पक्कै पनि छोटो यात्रा होइन। जीवनयात्राका हरेक क्षणलाई स्मरण गर्दा कहिले बडो रोमाञ्चित हुन्छु, कहिले अझै पनि यो यात्रा अपूरो रह्यो कि जस्तो पनि लाग्दछ। तर एउटा के कुरामा म सन्तुष्ट छु भने कुनै दिन पनि मैले आफ्नो विवेकलाई मर्न दिइन। न्याय सेवाको मेरो यात्रामा जस्तोसुकै उकाली ओराली र घाम पानीको अवस्थामा पनि आफूलाई अविचलित रुपमा न्यायिक मूल्य र मान्यताको पक्षमा उभ्याइरहन सकें निष्ठा र इमानदारिता कायम राख्न सकें र विकृति एवं विसंगतिका विरुद्धमा निरन्तर लडिरहन सकें।

प्रधान न्यायाधीशको जिम्मेवारी सम्हाल्दाको करिव १३ महिनाको अवधि मेरा लागि चुनौतीपूर्ण थिए। आजको संक्रमणकालीन अवस्थामा न्याय पालिकाको नेतृत्व सम्हाल्नु यसै पनि कम चुनौतीपूर्ण

छैन । त्यसमा पनि मैले पद वहाली गर्दाको अवस्थादेखि विकृतिविहीन न्यायपालिकाको स्थापनालाई जुन किसिमबाट एकसूत्रीय एजेण्डाको रुपमा अगाडि सारेको थिएँ, त्यसतर्फको पहलकदमी आफैँमा अहिलेको परिप्रेक्ष्यमा थप चुनौतीपूर्ण र गम्भीर विषय पनि हो । न्यायपालिकाको नेतृत्वमा रहेको नाताले मैले जे जानेँ, बुझेँ र सिकेँ त्यो गरेँ जस्तो लाग्दछ । न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि गर्ने कार्यमा केही न केही योगदान गरेको छु भन्ने मलाई लागेको छ । कार्यक्षमताको अभाव र खराब आचरणको विषयलाई आधार बनाएर केही न्यायाधीशहरूप्रति गरिएको कारवाहीलाई लिएर न्यायपालिकाभित्र कै केही सहकर्मी मित्रहरूबाट न्यायकर्मीहरू निरुत्साहित भएको र मनोवल गिरेको भन्ने चिन्ता व्यक्त भएको पनि मैले बुझेको छु । यो विषयमा म के भन्न चाहन्छु भने कतिपय विकल्पमध्ये एउटा मात्र विकल्प रोज्नुपर्ने अवस्थामा न्यायिक अनुशासनको मर्यादा कायम गर्ने विकल्प रोजिएको सम्म हो । यस प्रकारको कदमबाट इमानदार, अनुशासित र निष्ठावान न्यायकर्मीहरूको मनोवल गिर्ने होइन अझ थप बलियो हुने विश्वास लिएको छु ।

प्रधान न्यायाधीशका हैसियतले न्यायिक सुधार र विकासका क्षेत्रमा गर्नु पर्ने कामहरू निश्चय नै धेरै थिए, तथापि यो छोटो कार्यकालमा ती सबै पक्षमा ध्यान पुऱ्याउन सकिँदो रहेनछ भन्ने मैले महसूस गरेको छु । तापनि न्यायपालिकाको स्वतन्त्रता कायम राख्न मैले हरसंभव प्रयास गरेको छु । पञ्चवर्षीय रणनीतिक योजनाले प्रक्षेपण गरे मुताविक मुद्दाको फछ्र्यौटमा राम्रो प्रगति भएको तर्फ सन्तुष्ट बन्ने स्थिति पैदा भएको छ । सर्वोच्च अदालतको नयाँ भवन निर्माणका लागि नेपाल सरकारबाट सिँहदरवार परिसरभित्र ५५ रोपनी जग्गा प्राप्त भएको विषय पनि हाम्रो लागि सुखद रहेको छ ।

मेरो कार्यकालको सबैभन्दा सुखद विषय सहकर्मी न्यायाधीशज्यूहरू लगायत न्यायपरिषद्का सदस्यज्यूहरू र अन्य न्यायकर्मी एवं कर्मचारीहरूबाट प्राप्त सहयोग रहेको छ । नेतृत्व एउटा प्रतिवद्धता हो तर सहकर्मी साथीहरूको सहयोगविना प्रतिवद्धताले पूर्णता हासिल नगर्ने कुरा पक्का हो । मलाई मेरा सहयोगी न्यायाधीशहरू खास गरेर वरिष्ठतम् माननीय न्यायाधीश श्री खिलराज रेग्मीज्यूले जुन प्रकारको सहयोग गर्नुभयो त्यो ज्यादै सह्रानीय ठानेको छु । न्यायाधीशको रुपमा र विभिन्न समितिको अध्यक्ष एवं सदस्यका रुपमा माननीय न्यायाधीश बलराम के.सी., तपबहादुर मगर लगायत सबै माननीय न्यायाधीशज्यूहरूले पुऱ्याउनु भएको सहयोगप्रति आभारी छु ।

अन्त्यमा, सेवाबाट निवृत्त भए पनि न्याय परिवारको एउटा सदस्यको रुपमा न्यायपालिकाको प्रगति र विकासका लागि आफ्नो निरन्तर सहयोग रहने वाचा गर्दै अझ सक्षम, सुदृढ र स्वतन्त्र न्यायपालिकाको निर्माणमा भावी नेतृत्वलाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

सेवामा रहँदा सहकर्मी माननीयज्यूहरू लगायत सबैमा कुनै किसिमको अप्रिय कुरा हुन गएको भए कर्तव्य पालनाका सिलसिलामा भएको सम्झेर विर्सिदिनु हुनेछ भन्ने पनि विश्वास लिएको छु । आजको यो विदाई कार्यक्रमको आयोजना गरेर यहाँहरूसँग भेट गर्ने अवसर दिनु भएकोमा माननीय न्यायाधीशज्यूहरू एवं सर्वोच्च अदालत प्रशासनप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !